मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## श्रम र उत्पादनलाई सँगसँगै लैजान पूर्वप्रधानमन्त्री प्रचण्डको आग्रह

समाचार पृष्ठ ५ मा



वर्ष ३ | अंक २४१ | २०८२ साल श्रावण ०२ गते शुक्रबार | Friday 18, July 2025 | सूर्योदय: बिहान ५:२२ बजे | सूर्यास्त: साँझ ७:०१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# बजेट नबनाउने स्थानीय तहमा मधेशकै बढी

**मधेशदृष्टि**
**वीरगंज ।**
असार १० गते बजेट ल्याउने र असार २५ गतेभित्र पारित गर्नु पर्ने प्रावधानलाई यसवर्ष पनि देशभरका केही पालिकाले पालना गर्न सकेनन् । त्यसमा पनि मधेश पोहोरको वर्ष झैँ यसवर्ष पनि पहिलो स्थानमै छ ।

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' अनुसार स्थानीय तहहरू चल्न नसकेका हुन् । देशभरका २३ स्थानीय तहले असार मसान्तभित्र बजेट पारित गर्न सकेका छैनन् ।

११ नगरपालिका र १२ गाउँपालिकाले बजेट ल्याउन नसकेका हुन् । धरान उपमहानगरपालिकासहित धेरैजसो स्थानीय तहमा मेयरको दल वा पक्षमा कार्यपालिका बहुमत नहुँदा बजेट आउन नसकेको हो । अचम्म त के छ भने, बजेट ल्याउन नसक्ने ११ नगरपालिकामध्ये १० वटा मधेश प्रदेशका छन् । नेपाल नगरपालिका महासङ्घले दिएको जानकारी अनुसार मधेश प्रदेशका ७७ नगरपालिकामध्ये ६७ वटाले मात्र बजेट पेस गरेका छन् ।

मधेश प्रदेशमा बजेट ल्याउन नसक्ने नगरपालिकामा सिरहा, धनुषा, सप्तरी, महोत्तरी, रौतहट र बारा जिल्लाका छन् । त्यस्तै, कोशी प्रदेशको एक मात्र धरान उपमहानगरपालिकाले पनि समयमै बजेट ल्याउन नसकेको हो ।

यस्तै, देशभरका १२ वटा गाउँपालिकाले पनि बजेट ल्याएका छैनन् । गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालले दिएको जानकारी अनुसार ४ सय ६० गाउँपालिकामध्ये ४ सय ४८ वटा अर्थात् ९७ प्रतिशतले मात्र बजेट पारित गरेका छन् ।

बजेट ल्याउन नसक्नेमा सबैभन्दा बढी मधेश प्रदेशकै गाउँपालिका छन् । मधेशका ५९ गाउँपालिकामध्ये ८ वटाले समयसीमाभित्र बजेट पारित गर्न सकेका छैनन् । यसैगरी, बागमती प्रदेशका २ तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक–एक गाउँपालिकाले पनि बजेट ल्याउन सकेका छैनन् ।

स्थानीय तहको वित्तीय अनुशासनको आधारभूत पक्ष नै पहिलो समयमा बजेट आउनु र दोस्रो समयमा नै खर्च हुनु (लेट एक्सपेन्डिचर नहुनु) हो । तर मधेश यसमा लगातार चुकिरहेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका बजेट प्रणालीमा देशभरका ७ सय ५३ स्थानीय तहमध्ये ७ सय ३० वटाले बजेट ल्याए ५ सय ६७ वटा मात्रै प्रविष्ट गरेका छन् ।

**बजेट नल्याउने मधेशका नगरपालिकाहरु**
१. सिरहा नगरपालिका, सिरहा
२. नगराइन नगरपालिका, धनुषा
३. कमला नगरपालिका, धनुषा
४. हंसपुर नगरपालिका, धनुषा
५. डाक्रेश्वरी नगरपालिका, सप्तरी
६. राजविराज नगरपालिका, सप्तरी
७. औरही नगरपालिका, महोत्तरी
८. देवाही गोनाही नगरपालिका, रौतहट
९. फतुवा विजयपुर नगरपालिका, रौतहट
१०. निजगढ नगरपालिका, बारा

**बजेट नल्याउने मधेशका गाउँपालिकाहरु**
१. सिरहा नगरपालिका, सिरहा
२. औरही गाउँपालिका, धनुषा
३. धोबिनी गाउँपालिका, पर्सा
४. पकाहा मैनपुर गाउँपालिका, पर्सा
५. बन्दबासिनी गाउँपालिका, पर्सा
६. दुर्गाभवगती गाउँपालिका, रौतहट
७. यमुनामाई गाउँपालिका, रौतहट
८. अग्निसाइर कृष्णासवरन गाउँपालिका, सप्तरी
९. बसबरिया गाउँपालिका, सर्लाही

# छात्रालाई 'मेरी जान' लेख्ने शिक्षक निष्कासित

**आरके श्रीवास्तव**
**रौतहट ।**
गरुडा नगरपालिका–९ स्थित श्री माध्यमिक विद्यालय नयाँ गम्हरियाका शिक्षक रवीन्द्र प्रसाद साह निष्कासनमा परेका छन् । उनले कक्षा १० मा अध्ययनरत १६ वर्षीया छात्रालाई मोबाइलमा 'ह्यापी बर्थडे मेरी जान' भन्ने आपत्तिजनक सन्देश पठाएपछि विद्यालयले उनलाई हटाउने निर्णय गरेको हो ।



विद्यालयका निवर्तमान व्यवस्थापन समिति अध्यक्ष राजकुमार दासका अनुसार असार २९ गते वडाध्यक्ष राजेश कुमार सहनीको संयोजकत्वमा बसेको वडा समिति, स्थानीय अभिभावक, विभिन्न राजनीतिक दलका प्रतिनिधि र समाजसेवीको बैठकले यस्तो निर्णय गरेको हो । पीडित छात्राका अभिभावकले दिएको उजुरीका आधारमा विगत एक वर्षदेखि शिक्षक साहले यौनजन्य मनसाय राखी डिजिटल सन्देश पठाउँदै आएको खुलासा भएको हो ।

४९ वर्षीय साहले कक्षा ७ सम्म अंग्रेजी र कक्षा ९ लाई सामाजिक विषय पढाउँदै आएका थिए । सन्देश सार्वजनिक भएपछि विद्यार्थी आक्रोशित बनेका थिए र विद्यालय परिसरमै प्रदर्शन गरेका थिए । इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक (डिएसपी) राजन कार्कीका अनुसार साहविरुद्ध अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरी सात दिनको म्याद लिइएको छ । उनलाई आइतबार पक्राउ गर्न खोज्दा विद्यार्थीले विरोधस्वरूप ढुङ्गामुढा गरेपछि प्रहरीले एक राउण्ड अश्रुग्यास प्रहार गर्नुपरेको थियो । त्यस क्रममा चार जना प्रहरी सामान्य घाइते भएका थिए ।

एक स्थानीयका अनुसार साह यसअघि २०६२–६३ सालतिर पनि यस्तै किसिमको दुर्व्यवहारमा संलग्न भएका थिए र सामाजिक दण्ड भोगेका थिए । तर कानूनी कारबाही नभएकाले यस्तो व्यवहार दोहोरिएको आरोप लागेको छ । स्थानीय सर्फलाल पासवानले गरुडा नगरपालिकाले शिक्षक साहलाई जोगाउन प्रयास गरिरहेको आरोप लगाए । राहत शिक्षक साह राहत निमावि दरबन्दीका करार शिक्षक हुन् । शिक्षकको नियुक्ति प्रक्रिया कानूनसम्वत् नभएर दिएको उजुरी आधारमा २०७२ मा अख्तियारले समेत बर्खास्त गरेका व्यक्ति थिए साह । तर पनि पुनः विद्यालयले सोही पदमा विज्ञापन निकालेर तत्कालीन अध्यक्ष राजकुमार दास तत्माले रवीन्द्र प्रसाद साहलाई नियुक्ति गरेका थिए ।

यता स्थानीय अभिभावक, समाजसेवी र विद्यार्थीहरू शिक्षक साहलाई कडा कानूनी कारबाहीको माग गर्दै पीडित छात्राको मनोवैज्ञानिक सुरक्षाका लागि तत्काल कदम चाल्न आग्रह गरिरहेका छन् । विद्यालयले शिक्षकको आचरणविरुद्ध कडा निर्णय लिएपछि स्थानीयले स्वागत गरे पनि अब कानूनी प्रक्रिया पनि निष्पक्ष हुनुपर्ने उनीहरूको माग छ ।

# पाकिस्तानी दुतावास बन्द गर्न माग

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय एकता अभियान पर्साले 'जेहादी आतंकवाद र मधेश–नेपालको सुरक्षा चुनौती' विषयक बहस गरेको छ । बहसमा वक्ताहरुले भारत–नेपाल खुला सिमानाको दुरुपयोग गर्दै पाकिस्तान समर्थित आतंकवादी समूहले नेपाललाई आन्तरिक सुरक्षा चुनौती बनाउँदै लगेको गम्भीर चिन्ता व्यक्त गरेका छन् ।




कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले पाकिस्तानी आतंककारी गतिविधिविरुद्ध नेपाल सतर्क रहनु पर्ने आवश्यकतामा जोड दिए । पाकिस्तान दुनियाँको एक मात्र यस्तो देश हो, जसले आतंकवादको कारखाना मात्र चलाउँछ र दुनियाँभर सप्लाइ गर्छ, नेपालस्थित पाकिस्तानी

बाँकी पृष्ठ २ मा

# बालेनको गुण्डागर्दीको प्रतिकारमा उत्रिन कबाड व्यवसायीलाई निर्देशन



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले दुई तिहाईको शक्तिशाली सरकारले काठमाडौँमै व्यवसायीको सुरक्षा गर्न नसकेको बताएका छन् । बिहीबार काठमाडौँको कोटेश्वरमा बसेको कबाड व्यवसायीको बैठकलाई सम्बोधन गर्दै उनले प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकले काठमाडौँका व्यवसायीलाई सुरक्षा दिन नसकेको बताए ।

'काठमाडौँमा व्यवसायीहरु असुरक्षित हुँदै गइरहेका छन् । यो दुई तिहाईको शक्तिशाली सरकारले सुरक्षा दिन सकेको छैन । अदालतको आदेशविपरीत काठमाडौँ महानगरले कबाड व्यवसायीको कबाडमा डोजर आतंक मचाएको छ । तर सरकारले ति व्यवसायीलाई सुरक्षा दिन असफल भइसकेको छ,' आजपा अध्यक्ष साहले भने, 'सरकार त दुई तिहाई बहुमतको शक्तिशाली छ । तर काम बिचौलिया र दलालको मात्रै गरिरहेको छ । यहाँका व्यवसायीलाई सुरक्षा दिनुपर्ने सरकार टुलटुलु बसेर हेर्न मिल्छ ?'

अदालतको आदेशविपरीत काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहको निर्देशनमा काठमाडौँमा कबाड व्यवसायीको कबाडमा डोजर आतंक चलिरहेको बताउदै उनले यसको प्रतिकारमा उत्रिन निर्देशन दिए । दुई तिहाईको शक्तिशाली भनिए पनि वर्तमान सरकार झोले सरकार भएको टिप्पणी गर्दै आफ्नो परिवार, व्यवसायको सुरक्षाका लागि अब महानगरको गुण्डागर्दीबिरुद्ध प्रतिकारमा उत्रिनुको विकल्प नभएको उनले बताए ।

'अदालतको आदेश छ कबाड व्यवसायलाई नहटाउ तर यहाँ अदालतको आदेश पालना हुँदैन । सरकारले सुरक्षा दिँदैन । महानगरले डोजर आतंक मचाएको छ । यस्तो अवस्थामा तपाईंहरु आफ्नो परिवार, पेश

बाँकी पृष्ठ २ मा






# पर्सामा ओभरहेड ट्याङ्की बेवारिसे

# नयाँ डिप बोरिङ खन्नमै ध्यान !

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा सङ्घीय सरकार र प्रदेश सरकारले निर्माण गरेका ओभरहेड ट्याङ्की सञ्चालनमा नआउँदा पनि खानेपानीको दीर्घकालिन व्यवस्थापनमा थप जटिल हुँदै गएको छ । दुवै सरकारले ओभरहेड ट्याङ्की निर्माण गरेर सम्बन्धित निकायलाई हस्तान्तरण गरेपनि सम्बन्धित स्थानीय तह र उपभोक्ता समितिको बेवास्ताको कारणले पनि ओभरहेड ट्याङ्की बेवारिसे अवस्थामा रहेका छन् । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बारा÷पर्साका निमित्त डिभिजन प्रमुख किशोरीप्रसाद यादवले पर्सामा खानेपानीका दीर्घकालिन व्यवस्थापनको लागि निर्माण गरिएका ओभरहेड ट्याङ्की भने बेवारिसे अवस्थामा रहेको गुनासो गरे ।

'राज्यले करौडौ रुपैयाँ खर्चेर निर्माण गरेका ओभरहेड ट्याङ्की सञ्चालनमा नआउँदा पनि अहिले ठाउँठाउँमा खानेपानीको समस्या देखिएको हो,' उनले भने, 'ओभरहेड ट्याङ्की उपभोक्ता समितिमार्फत सञ्चालन गर्नुपर्ने हुन्छ । यहाँका जनताले खानेपानी पैसा तिरेर खानको आनाकानी गर्दा पनि ओभरहेड ट्याङ्कीको प्रभावकारी कार्यान्वयन हुन नसकेको हो ।'सङ्घीय तथा प्रदेश सरकारले पोखरिया, भिष्वा, झौवागुठी, अमरपट्टी, बहुअर्वा भाठ्ठा, विन्दवासिनी लगायतका स्थानमा ओभरहेड ट्याङ्की भएपनि उचित ढंगले सञ्चालन र व्यवस्थापन हुन भने सकिरहेको छैन । निमित्त डिभिजन प्रमुख यादवले यहाँ खानेपानीको दीर्घकालिन व्यवस्थापनमा भन्दा पनि जथाभावि रुपमा डिप बोरिङ खन्नेमा मात्रै ध्यान दिँदा पनि खानेपानीको समस्या झनै जटिल बन्दै गएको गुनासो गरे । 'ओभरहेड ट्याङ्कीमार्फत पानी प्रयोग गर्दा खानेपानीको महसुल तिर्नुपर्ने हुन्छ ।

त्यसैले पनि सर्वसाधारण चापाकलबाट आउने आर्सेनिक युक्त खानेपानी खान तयार हुने गरेका छन् ।' नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगंजका कार्यालय प्रमुख प्रविणकुमार साहले ओभरहेड ट्याङ्की सञ्चालनमा ल्याउन सकेको खण्डमा खानेपानीको दीर्घकालिन समाधान गर्नका लागि धेरै सहज हुने बताए । 'यहाँका जनतामा खानेपानी पैसा तिरेर खानुपर्छ भन्ने संस्कारको विकास गर्न पनि जरुरी छ,' उनले भने, 'लाइनको पानी जडान गरेर खानुभन्दा चापाकलको पानी खानका लागि यहाँका जनता धेरै इच्छुक देखिन्छन् । अहिले यहाँ पानीको चर्को संकटभएपनि मात्रै ओभरहेड ट्याङ्कीको कुरा आएको हो ।'

नेपाली कांग्रेस पर्साका कार्यवाहक अध्यक्ष रामनारायण कुर्मीले पछिल्लो समय वीरगंज महानगरक्षेत्रमा जभाभावी ढंगले डिपबोरिङ खनिदैं आइरहेको गुनासो गरे । 'अहिले खानेपानीको संकट भएको ठाउँमा डिप बोरिङ खन्नुपर्छ । तर, कति आवश्यकताको आधारमा वा पहुँचको आधारमा खन्निएको विषयमा पनि ध्यान दिन जरुरी भइसकेको छ ।' उनले भने, 'जनताले पनि खानेपानीको लाइन जडान गरेर पैसा तिरेर खाने बानीको पनि विकास गर्न जरुरी भइसकेको छ ।' कार्यवाहक अध्यक्ष कुर्मीले डिपबोरिङ जनताको आवश्यकता र योजनाबद्ध ढंगले खन्नपनि सुझाव दिए । नेकपा एकीकृत समाजवादी पर्साका अध्यक्ष बालगोपाल थापाले पर्सामा संकटको बेला साढे दुई लाख लागतमा खनिने डिप बोरिङको लागत झण्डै दोब्बर मूल्य बढी भएकाले पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका सरोकारवाला निकायले थप अनुसन्धान गर्न अनुरोध गरे । उनले भने, 'संकटलाई कसैले पनि व्यक्तिगत फाइदा हुने काम नगर्नुस ।' रासस

# पर्खाल निर्माणमा अनियमितता

**राकेश यादव**
**रौतहट ।**
रौतहट जिल्लाको मौलापुर नगरपालिका वडा नम्बर–६ पथराबुधराममा निर्माण भएको खानेपानीको कम्पाउण्ड वालमा रकम अनियमितता भएको छ । संघीय सरकारको खानेपानी तथा सरसफाइ मन्त्रालयको ४० लाखको लागतमा श्री खानेपानी उपभोक्ता समितिले निर्माण गराएको कम्पाउण्ड वालमा रकम अनियमितता भएको हो ।



बौद्धिमाइ नगरपालिका वडा नम्बर–१ बौधा निवासी प्रदेश सभा सदस्य आम जनता पार्टीका नेता मनोज यादवले पत्रकार सम्मेलन गरी उक्त खानेपानी आयोजनामा निर्माण गरिएको कम्पाउण्ड वालको रङरोगन बाँकी नै रहेको, माटो पुर्ने काम अधुरो नै रहेको अवस्थामा रकम निकासा गरिएको बताएका छन् ।

उपभोक्ता समितिका अध्यक्ष बिरचन रामसंग गौर नगरपालिका वडा नम्बर–४ टिकुलिया निवासी संजय सहनीले ६ लाखको चेक लिएको खुलासा समेत गरे । निर्माण कार्यमा प्रयोग भएको निर्माण सामग्री भन्दा बढीको बिल संजय सहनीले आफ्नो नाममा लिएर अनियमित रुपमा रकम दिन उपभोक्ता समितिले दबाब दिने गरेको उल्लेख गरे । उनले भने, 'रकम भुक्तानी दिने उपभोक्ता समितिको नाममा बिल जारी हुनुपर्ने हो । सम्बन्ध नै नभएको व्यक्तिको नाममा बिल जारी गर्नु नियम विपरित रहेको छ ।'

बजारमा एक सय रुपैयाँमा पाउने नरिवलको डोरीको ९ सय रुपैयाँ किलोको दरले बिल जारी गरिएकोले रकम दुरुपयोग गर्ने नियत प्रष्ट देखिएको उनले जिकिर गरे । कम्पाउण्ड वालको निर्माण कार्यमा खटेका मजदुरहरुको पारिश्रमिक समेत दिइएको छैन । उपभोक्ता समितिको नाममा सम्बन्धित निकायले ३५ लाख ८४ हजार रुपैयाँ भुक्तानी दिएको बताउँदै निर्माण कार्यमा भएको खर्च सार्वजनिक गर्न भन्दा सहनीले खर्च दिन आनाकानी गरिरहेको आरोप लगाए । सहनीले आफूमाथि १० लाख ६३ हजार रकम लिएको आरोपमा कुनै सत्यता नरहेको दाबी समेत गरे । नेता यादवले कम्पाउण्ड वालको स्थलगत अनुगमन गर्न सम्बन्धित निकायसंग मागसमेत गरे ।

# मेयरकप प्राइड लिगको उपाधि दोस्रोपटक टाईगर्सलाई

**मनोज माझी**
**सप्तरी ।**
जिल्लाकै सर्वाधिक पुरस्कार राशीको मेयरकप सप्तरी प्राईड लिगको सातौँ संस्करणको उपाधि लगातार दोस्रोपटक तिरहुत टाईगर्स सप्तरीले जितेको छ । राजविराजस्थित पविमाविको खेलमैदानमा विहीवार भएको फाइनल खेलमा राजदेवी रोयल्स राजविराजलाई ९ विकेटले पराजित गर्दै तिरहुत टाईगर्सले उपाधि जितेको हो । अघिल्लो छैठौँ संस्करणको पनि विजेता रहेका तिरहुत टाईगर्सले उपाधि रक्षा गर्दै यस पटक पनि शानदार जीत निकालेका छन् ।




उपाधि जितेका तिरहुत टाईगर्सले ट्रफिसंगै नगद २ लाख तथा उपविजेता राजदेवी रोयल्स राजविराजले १ लाख नगद पुरस्कार हात पारेको छ । टस जितेर ब्याटिङ्ग रोजेका राजदेवी रोयल्सले निर्धारित २० ओभरमा ९ विकेटको क्षतीमा ९२ रन मात्र बनाउन सफल भएको थियो । जसमा ब्याटिङ्गतर्फ रोहन विक २३, अभिषेक तिवारी १९ र जीतु यादव १८ (अविजित) रनको योगदान दिए । बलिङ्गतर्फ तिरहुत टाइगर्सका श्रवण यादव ३, चित्र बहादुर विष्ट र अनिल यादवले २/२ तथा राहुल मण्डल र अजय यादवले १/१ विकेट लिए । ९३ रनको विजयी लक्ष्य पछ्याएको तिरहुत टाईगर्स १५ दशमल ३ ओभरमै एक विकेटको क्षतिमा लक्ष्य प्रांप्त गरेको थियो. । तिरहुत टाईगर्सका लागि भोला साह (अविजित) ५२ तथा निरज यादव (अविजित) १८ रन बनाए भने अविनाश कर्णले १३ रनको योगदान गरे । वलिङ्गतर्फ राजदेवी रोयल्सका नितेश यादवले एक विकेट लिएका थिए ।

फाइनल खेलको प्लेयर अफ द म्याच विजेता टिमका श्रवण यादव घोषित भए । यस्तै प्लेयर अफ द टुर्नामेन्ट देवान पुन, वेस्ट गेम चेन्जर भोला साह, वेस्ट बलर चित्र बहादुर विष्ट, उदयीमान खेलाडी अनिल यादव घोषित भए । राजविराज नगरपालिकाको सहयोग, सप्तरी क्रिकेट संघको आयोजना तथा मधेश प्रदेश क्रिकेट संघको समन्वयमा आयोजित प्रतियोगिताको समापनका अवसरमा क्रिकेट संघ सप्तरीका अध्यक्ष आयृष श्रेष्ठको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अथिती राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन, तिरहुत गाउपाँलिकाका अध्यक्ष विजय कृुमार यादव, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, सशस्त्र प्रहरी उपरिक्षक ज्ञान मणी पौडेल, अन्तर्राष्ट्रिय रेफ्रि बुद्धि बहादुर प्रधान, अन्तराष्ट्रिय खेलाडी महबुब आलम लगायतले विजयी खेलाडीहरुलाई पृरस्कार वितरण गरेका थिए ।

# करेन्ट लागेर एकको मृत्यु

# दुईको अवस्था गम्भीर

**सर्लाही ।**
लालबन्दी नगरपालिका–१ मा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सरोज राईका अनुसार रौतहटबाट न्यू माँ राजदेवी खाद्य उद्योगमा धानको भुस लिन आएको ना ६ ख ७५५० नम्बरको ट्रकबाट त्रिपाल हटाउने क्रममा ट्रकका सहचालक रौतहट वृन्दावन नगरपालिका–७ का ३० वर्षीय दिनेश पासवानको मृत्यु भएको हो ।

एघार हजार भोल्टको विद्युत् प्रसारण लाइनमा छुँदा करेन्ट लागेर गम्भीर घाइते भएका उहाँको हरिवनस्थित नमूना अस्पतालमा मृत्यु भएको हो ।

उक्त दुर्घटनामा ट्रकका मजदुर २५ वर्षीय कुन्दन पासवान र ४० वर्षीय जागेश्वर पासवान गम्भीर रुपमा घाइते भएका छन् । उनीहरुको सोही अस्पतालमा उपचार भइरहेको छ । रासस

# पानी नपरेपछि वीरगंजको गहवामाईमा पर्जन्य यज्ञ !

**वीरगंज ।**
वीरगंजमा पानीको हाहाकार भएपछि गहवामाई मन्दिरमा पर्जन्य (वृष्टि) यज्ञ गरिएको छ । पछिल्लो समय वीरगंजसहित पर्सा जिल्लामा खानेपानीको हाहाकार भएपछि वीरगंजको गहवामाई मन्दिरको प्राङ्गणमा भगवान् इन्द्रसँग पानीको माग गर्दै प्रार्थना यज्ञ गरिएको हो । गहवामाई मन्दिरको व्यवस्थापन र सञ्चालन गर्दै आइरहेको माईस्थान सञ्चालन समितिका अध्यक्ष नरेन्द्र साहले वीरगंजसहित समग्र मधेश प्रदेशमा अकाशेपानी नपरेर पानीको हाहाकार भएसँगै पर्जन्य (वृष्टि) यज्ञ गरिएको बताए । 'यहाँ आकाशेपानी नपरेपछि खानेपानी र सिँचाइको चर्को समस्या भइरहेको छ', उनले भने, 'धार्मिक परम्पराअनुसार भगवान् इन्द्रको यज्ञ र हवन गरेपछि पानी पर्ने विश्वास रहेको छ । गहवामाई मन्दिर प्राङ्गणमा अहिले पाँच जना पुरोहितले पूजापाठ तथा यज्ञ गरेका छौँ । धार्मिक परम्परा र विधिमार्फत यज्ञ गरेकाले पनि छिट्टै आकाशेपानी पर्ने विश्वास लिएका छौँ ।' तराई मधेशमा पर्याप्त पानी नपर्दा दैनिक जनजीवनसमेत प्रभावित हुँदै आइरहेको छ । रासस

# भारोत्तोलन संघमा नयाँ नेतृत्व



**मधेशदृष्टि**
**सप्तरी ।**
भारोत्तोलन संघ सप्तरीको पुर्नगठन गरिएको छ । जिल्ला खेलकुद विकास समितिको सभाकक्षमा बिहीवार सम्पन्न भेलाले पुन्तीलाल यादवको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति चयन गरेको हो । समितिको कार्यकाल ४ वर्षको हुनेछ । यादव केही दिन अघिमात्र भारोत्तोलनको सहायक प्रशिक्षक पदबाट सेवा निवृत्त भएका हुन् । उनी भारोत्तोलनमा २ पटक अन्तर्राष्ट्रिय पदक समेत जितिसकेका छन् । संघका निर्वतमान अध्यक्ष एवम् प्रदेश सांसद महेश प्रसाद यादवको अध्यक्षता तथा जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेलको रोहबरमा सम्पन्न भेलाले उपाध्यक्षमा गोपाल प्रसाद गुप्ता, शान्ति चौधरी सचिव जितेन्द्र प्रसाद गुप्ता र कोषाध्यक्षमा राजेन्द्र प्रसाद यादवलाई चयन गरेको छ । सदस्यहरुमा मनोज यादव, लक्ष्मी दास, सुर्यनायरायण दास, हेम नारायण साह, रमेश कुमार सिंह, दिपेन्द्र कुमार यादव सर्वसम्मतले चयन भएका छन् । यस्तै सल्लाहकार समितिमा प्रदेश सांसद महेश प्रसाद यादव, नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष मनोज कुमार माझी, पत्रकार महासंघका कोषाध्यक्ष नविन कुमार गुप्ता, भारोत्तोलन संघका पूर्वअध्यक्ष सुर्यनाथ यादव, डा. शिव शंकर यादव, डा. विरेन्द्र यादवलाई चयन गरिएको संघले जनाएको छ । नयाँ कार्य समितिको पहिलो बैठकले साउन ३ गते मधेश प्रदेशको बर्दिवासमा हुनेछ । त्यस्तै, साउन १५ गते काठमाडौँमा हुने संघको पाँचौँ साधारण सभामा जिल्ला अध्यक्ष पुन्तीलाल यादवलाई प्रतिनिधिको रुपमा पठाउने निर्णय गरेको छ । भेलालाई सम्बोधन गर्दै पूर्वमन्त्री महेश प्रसाद यादवले कार्यव्यस्तताका कारण प्रयाप्त समय दिन नसक्ने भएकाले भेलामार्फत आफुले लामो समयदेखी भारोत्तोलन खेलको विकासका लागि योगदान गरेका पुन्तीलाल यादवलाई जिम्मेवारी सुम्पेको भन्दै भारोत्तोलन खेलको विकासका लागि आफ्नो व्यक्तिगत तथा प्रदेश सरकारबाट हुन सक्ने हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

# उपसचिव शर्माको बिदाइ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लामो समय वन प्रशासन सेवामा समर्पित रहँदै उल्लेखनीय योगदान दिएका उपसचिव सुरेश प्रसाद शर्माको सेवा निवृत्तिको अवसरमा जनकपुरधाम वन प्राविधिक समाजले एक शुभकामना कार्यक्रम आयोजना गरेको छ । वि.सं. २०४५ साल वैशाख ५ गते जिल्ला वन कार्यालय गुल्मीमा सहायक रेन्जरको रूपमा सरकारी सेवा शुरु गरेका शर्माले स्याङ्जा, प्युठान, उदयपुर, वन विभाग, मधेश प्रदेशअन्तर्गत वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय धनुषा हुँदै अन्तिममा प्रदेश निर्देशनालयमा उपसचिव पदमा कार्यरत रहँदै वि.सं. २०८२ साल साउन २ गते उमेरहदका आधारमा सेवा निवृत्त हुँदैछन् । केवल कुशल वन प्राविधिक मात्र नभई समाजसेवीको रूपमा पनि परिचित शर्माले जनकपुरधामका गंगासागर, दूधमती र गेरुका नदी सरसफाइ अभियान, पिपल वृक्षारोपण जस्ता कार्यमा सक्रिय नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् । उनी हाल जनकपुरधाम वन प्राविधिक समाजका महासचिवको रूपमा कार्यरत छन् ।

कार्यक्रममा विभिन्न वक्ताहरूले शर्माको तीन दशकभन्दा लामो सेवा यात्राको प्रशंसा गर्दै उनको सरलता, इमान्दारिता र कार्यप्रतिका निष्ठाको चर्चा गरेका थिए । सहभागीहरूले आगामी जीवन सुखद, स्वास्थ्यपूर्ण र समृद्ध होस् भन्ने शुभकामना व्यक्त गरे । शुभकामना कार्यक्रममा वन प्राविधिक समाजका पदाधिकारीहरू, वन कर्मचारी, सामाजिक अभियन्ता र शुभेच्छुकहरूको उल्लेखनीय उपस्थिति थियो ।

# भूमिहीनहरूलाई जग्गाधनी प्रमाणपुर्जा वितरण

**सप्तरी ।**
सप्तरी जिल्लाको बोदेबर्साइन नगरपालिका–४ स्थित सिल्हट पर्साहीका १२० परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको छ ।

नगरपालिका र नापी कार्यालय सप्तरीको संयुक्त पहलमा आयोजित कार्यक्रममा ती परिवारलाई जग्गाधनी प्रमाणपुर्जा प्रदान गरिएको
हो ।

लामो समयदेखि गाउँब्लक जग्गामा बसोबास गर्दै आए पनि कानुनी स्वामित्व नपाएका स्थानीयवासीले जग्गाधनी पुर्जा पाएपछि खुसी व्यक्त गरेको छन् । नापी कार्यालय सप्तरीअन्तर्गत ३ नं नापी टोली राजविराजका प्रमुख सतिश यादवका अनुसार साबिकको फुलकाही गाविस—६ देखि ९ सम्मका करिब ६० प्रतिशत लालपुर्जा वितरण गरिसकिएको छ । बाँकी लाभग्राहीका लागि २१ दिने सूचना प्रकाशन गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

'केही स्थानमा नक्सासम्बन्धी समस्या देखिएकाले तत्काल वितरण सम्भव भएन, तर सुधार गरी ती लालपुर्जा पनि चाँडै उपलब्ध गराइनेछ', यादवले भने ।

नगरप्रमुख आतेशकुमार सिंहले बाँकी वडामा पनि लालपुर्जा वितरणको प्रक्रिया अगाडि बढाइने बताए । 'पुस्तौँदेखि बसोबास गर्दै आएका नागरिकले लालपुर्जा नहुँदा सरकारी सेवा, कर्जा सुविधा, घरजग्गा दर्तालगायत धेरै समस्यामा भोग्नुपरेको थियो', उनले भने, 'अब बिस्तारै सम्पूर्ण नगरभरिका गाउँब्लक जग्गाधनीलाई लालपुर्जा प्रदान गरिनेछ ।' रासस

## सम्पादकीय

# विद्या भण्डारी र एमालेको राजनीतिक तरंग

प्रधानमन्त्री एवम् केपी शर्मा ओलीले पार्टी अध्यक्षमा विद्या भण्डारीलाई सहजै हस्तान्तरण नहुने र दिन नसकिने बताएका छन् । यसले नेकपा एमालेमा साँच्चै केपी शर्मा ओली र विद्या भण्डारीको राजनीतिक दूरी तय गरेको देखिन्छ।

बिहीबार बसेको बैठकमा पनि विद्या भण्डारीको विषयले प्रवेश पाएको छ। यति मात्रै होइन, बिहीबार सचिवालय बैठक निकै लामो समय बसेको छ । राति अबेरसम्मै बैठक बसेको छ । बैठकमा विद्या भण्डारीको एमालेमा आगमनबारे एजेण्डा नै बनेको थियो।

एक टेलिभिजन पत्रकारसँगको अन्तरवार्तामा विद्या भण्डारीसँग पार्टीको नेतृत्व गरेको अनुभव नभएको र पार्टी भूमिकामा पनि लामो समय नरहेको भन्दै अध्यक्ष एवम् प्रधानमन्त्रीबाटै प्रतिक्रिया आएपछि अब खुलेर विद्या भण्डारीको राजनीतिक यात्राले एमाले तरंगित हुने देखिन्छ । देशभरका नेता कार्यकर्ता पक्ष विपक्षमा खुल्न थालिसकेका छन् । केहीले सामाजिक सञ्जालमा खुलेर विद्या भण्डारीको नेतृत्व अपरिहार्य भन्न थालिसकेका छन्।

फेरि पनि नेकपा एमालेका नेता कार्यकर्ता विभाजित हुने क्रम शुरु भएको छ । विद्या भण्डारी गतसाता मात्रै एक टेलिभिजन अन्तरवार्तामा आफू एमालेको राजनीतिमा प्रवेश गरेको बताएपछि अध्यक्ष ओलीले पनि उनको आगमन अप्रत्यासित, असमभव र अलोकप्रिय मात्रै होइन, देशको १ नम्बरको नागरिक भएको व्यक्ति फेरि पार्टी राजनीतिमा आउन नहुने भनेर नागरिक समाजका पनि प्रतिक्रिया आउन शुरु भएको छ । एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पनि खुलेर सतहमा आएपछि एमालेको आगामी विधानमा वरिष्ठ उपाध्यक्षको पद नै नराख्ने प्रस्ताव पनि आएको छ।

# कूटनीतिक 'इङ्गेजमेन्ट'मार्फत सम्बन्ध विस्तारमा जोड



एकराज पाठक

गत असोजमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा सहभागी हुन अमेरिका रहेका बेला जी ७७, जी २०, एलडिसी तथा असंलग्न शिखर सम्मेलन (नाम) राष्ट्रका मन्त्रीस्तरीय बैठकहरुलाई सम्बोधन गरिन् । प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमण दलमा सहभागी उनले विभिन्न देशका विदेशमन्त्रीसँग 'साइडलाइन' भेटवार्ताका साथै विभिन्न मञ्चमा सम्बोधन पनि गरेकी थिइन् । यी सम्बोधन एवम् भेटवार्तामा उनका एजेण्डा थिए । नेपालले जलवायु परिवर्तनका कारण भोगिरहेको अकल्पनीय क्षति र पाउनुपर्ने न्याय, सन् २०२६ मा अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नति भएपछि नेपाललाई आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग, हमास अतिवादी समूहको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइ र नेपाले संयुक्त राष्ट्रसङ्घमा दिएको उम्मेदवारीमा सहयोगका लागि विश्व समुदायलाई अपिल आदि।

त्यस क्रममा 'साइडलाइन'मा उनले कैयौँ देशका विदेशमन्त्रीसँग द्विपक्षीय भेटवार्ता पनि गरिन् । भेटमा उनले नेपालका राष्ट्रिय एजेण्डा एवम् आवश्यकतालाई अघि सार्दै नेपालप्रतिको सहयोग र सद्भावका लागि विश्व समुदायको ध्यानाकर्षण गराइन् । त्यसअघि उनी क्यानाडामा आयोजित विश्वका महिला विदेशमन्त्रीको सम्मेलनमा सहभागी भएर न्युयोर्क पुगेकी थिइन् । सम्मेलनमा आमन्त्रित मन्त्री डा राणाले नेपालका तर्फबाट सम्बोधन गर्नुका साथै विश्वका १० देशका विदेशमन्त्रीसँग द्विपक्षीय भेटवार्ता गरिन् । यी 'साइडलाइन' भेटमा पनि उनले नेपालको राष्ट्रिय हित र चासोका मुद्दा नै राखेकी थिइन्।

मन्त्री डा राणाले गत फेब्रुअरीमा जेनेभामा राष्ट्रसङ्घीय मानवअधिकार आयोगको ५९औँ उच्चस्तरीय सत्रलाई सम्बोधन गरिन् । त्यसक्रममा उनले स्वीट्जरल्याण्ड, नर्वे, फिलिपिन्स, मेक्सिको लगायतका देशका विदेशमन्त्रीसँग द्विपक्षीय भेटवार्ता गरेकी थिइन् । भेटका क्रममा उनले राष्ट्रसङ्घमा नेपालको उम्मेदवारीका लागि सहयोग माग्नेदेखि नेपालले आयोजना गरेको सगरमाथा संवादमा आमन्त्रण गरेकी थिइन्।

नेपालले संयुक्त राष्ट्रसङ्घको सन् २०२७ देखि २०२९ सम्मका लागि मानवअधिकार परिषदको सदस्य, २०२९ देखि २०३१ सम्मका लागि आर्थिक तथा सामाजिक परिषद्को सदस्य एवम् २०३७ देखि २०३८ का लागि सुरक्षा परिषद्को अस्थायी सदस्यमा उम्मेदवारी दिएको छ । नेपालको यो उम्मेदवारीमा सहयोगका लागि मन्त्री डा राणाले आफू विदेश भ्रमणमा गएका बखत होस् या नेपालमै आएका विदेशी नेतासँगको भेटकाक्रममा होस् सबैसँग नेपाललाई भोट दिएर सहयोग गर्न अपिल गरिरहेकी छिन् । साथै, नेपाल अर्को वर्षदेखि एलडिसीबाट स्तरोन्नति हुन लागेकाले त्यसपछिको सहयोगका लागि पनि युरोपेली युनियनका देशहरुलाई सहयोगको आग्रह गरेकी छिन्।

डा राणा परराष्ट्रमन्त्रीमा नियुक्त भएको करिब महिना दिनमै भारतीय विदेशमन्त्री डा एश जयशङ्करको निमन्त्रणामा भारतको औपचारिक भ्रमणमा गइन् । उनले समकक्षीका अतिरिक्त भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग गत भदौ ३ गते भेट गरिन् । त्यसबखत उनलाई भारत सरकारले दिएको उच्च प्राथमिकताको चर्चा पनि भएको थियो । प्रधानमन्त्री मोदीसँगको भेटमा आफू र भारतीय प्रधानमन्त्री मोदीले नेपाल–भारत सम्बन्धको बहुआयामिक विविधताका बारेमा छलफल गरेको र यो उच्चस्तरीय भेटवार्ताले दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई नयाँ उचाइमा पु¥याएको मन्त्री डा राणाले मात्र नभएर प्रधानमन्त्री मोदीले पनि बताएका थिए।

त्यसै भ्रमणका क्रममा नयाँदिल्लीमा परराष्ट्रमन्त्री डा राणासँग द्विपक्षीय वार्तालगत्तै मन्त्री जयशङ्करले भारतले नेपालका १२ वटा जलविद्युत् परियोजनाबाट थप २५१ मेगावाट विद्युत् खरिद गर्ने निर्णय भएको घोषणा गरेका थिए । भारतीय प्राधिकरणले ती परियोजनाबाट थप २५१ मेगावाट विद्युत् निर्यातको स्वीकृति दिएको थियो । निर्णयसँगै भारतले दिएको कुल स्वीकृत परिमाण ९४१ मेगावाट पुगेको हो । नेपालको ऊर्जा कूटनीतिको एक महत्वपूर्ण कडीका रूपमा लिइने यस सहमतिबाट भारतले नेपालसँग १० वर्षमा १० हजार मेगावाट विद्युत् आयातका लागि गरेको सहमतिको सुरुआत पनि यसैसाथ भएको थियो।

मन्त्री डा राणाले जापान, जर्मनी, न्युजिल्याण्ड, स्वीट्जरल्याण्ड, नर्वे, क्यानाडा, इन्डोनेशिया, ओमन, कतार, इजरायल, फिलिपिन्स, इरान, मेक्सिकोलगायत अन्य देशका समकक्षी, मन्त्री तथा नेताहरुसँग भेटवार्ता गरिन् । राष्ट्रसङ्घको ७९औँ महासभामा सहभागितासहित जी ७७, जी २०, एलडिसी तथा असंलग्न शिखर सम्मेलन (नाम) राष्ट्रहरुलाई सम्बोधन, दोहामा एसिडीको तेस्रो सम्मेलन, बैंककमा बिमसटेकको छैठौँ शिखर सम्मेलन, क्यानाडामा विश्वका महिला विदेशमन्त्रीको सम्मेलन, बैंककमा युएनस्केपको ८१औँ सत्रको अध्यक्षता र सम्बोधन, जेनेभामा राष्ट्रसङ्घीय मानवअधिकार आयोगको ५९औँ उच्चस्तीय सत्रलाई सम्बोधन, नयाँदिल्लीमा राइसिना डायलगमा सहभागी र सम्बोधन एवम् हालै मात्र इटालीको रोममा एफएओको ४४औँ अधिवेशन एवम् मन्त्रीस्तरीय सत्रलाई सम्बोधन गरी मन्त्री डा राणाले परराष्ट्रमन्त्रीले गर्नुपर्ने कूटनीतिक 'इङ्गेजमेन्ट'लाई राम्रैसँग प्रदर्शन गरे।

यी महत्वपूर्ण बैठक या भेटवार्ताहरुमा नेपालको कूटनीतिक सम्बन्धको दायरा विस्तार गर्ने, नेपालको आफ्नो चासो र हितका विषयहरु अन्तरराष्ट्रिय समुदायसमक्ष राख्ने काम मन्त्री डा राणाले गरेकी छिन् । साथै यी फोरमहरुमा उनले जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परिरहेका समस्या विश्व समुदायलाई सुनाउने, नेपाल एलडिसीबाट स्तरोन्नति भएपछिको आवश्यक सहयोगका लागि अपिल गर्ने, नेपालले राष्ट्रसङ्घ दिएका उजुरीका लागि सहयोग गर्न अपिल गर्ने, हमासको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइका लागि अपिल गर्ने तथा नेपाललाई आवश्यक सहयोगका लागि आग्रह गर्ने उनले गरेकी छिन् । लामो समयसम्म परराष्ट्र मन्त्रालयमा सङ्गठनात्मक व्यवस्थापन सर्वेक्षण ( ओएनएम) हुन नसक्दा कर्मचारी अभावमा विदेशस्थित नेपाली मिसनमा कामको चाप धान्न नसक्ने अवस्था रहेको गुनासो थियो । लाखौँ नेपाली रहेका कतिपय खाडी देशका नेपाली मिसनमा पनि थोरै कर्मचारी रहेकाले राहदानी, कन्सुलरलगायतका सेवा प्राप्त गर्न कठिन भइरहेको अवस्था अहिले पनि छ । श्रम नभएर अन्य गन्तव्यमा पनि नेपाली डायस्पोराले आवश्यक सेवा प्राप्त गर्न सकेको अवस्था थिएन । जस्तो कि अमेरिकाको टेक्सास, क्यालिफोर्नियामा रहेका लाखौँ नेपाली सामान्य कन्सुलर सेवाका लागि समेत न्युयोर्क, वासिङ्टन नै पुग्नुपर्ने बाध्यता रहेकामा अब भने सरकारले डालास र सान्फ्रान्सिस्कोमा महावाणिज्यदूतावास स्थापना गरिसकेको छ । त्यसैगरी अन्य मिसनमा पनि आवश्यकताका आधारमा कर्मचारीको व्यवस्था गरिएकाले ती स्थानका नेपाली डायस्पोरालाई सेवा प्राप्त गर्न सहज हुनेछ।

त्यसैगरी आर्थिक कूटनीतिका माध्यमबाट नेपालमा लगानी भित्र्याउन र नेपाली उत्पादनको निर्यात बजारलाई थप प्रवद्र्धन गर्न परराष्ट्र मन्त्रालयमा आर्थिक कूटनीति महाशाखा स्थापना भएको छ । यसमार्फत सम्बद्ध अर्थ, उद्योग, ऊर्जा, श्रमलगायतका मन्त्रालयसँगको समन्वयमा मुलुकमा आर्थिक कूटनीतिको प्रवद्र्धनका लागि सो महाशाखाले परामर्श पनि अघि बढाएको छ । देशमा प्रत्यक्ष वैदेशिक लगानी सोचे जति भित्र्याउन नसकिरहेको र निर्यात बढाएर आयात प्रतिस्थापन पनि हुन नसकेको अवस्थामा आर्थिक कूटनीतिले सघाउन सक्ने अपेक्षा गरिएको छ।

मन्त्री डा राणाले हेगस्थित अन्तरराष्ट्रिय अदालतमा उपस्थित भएर नेपाल जलवायु परिवर्तनका कारण धेरै पीडित भएको प्रमाण पेश गर्दै न्याय माग गरेकी थिइन् । नेपालले अदालतमा पुगेर यसरी आफ्नो अवस्था र व्यवस्था दर्शाएर न्याय माग गरेको यो पहिलोपटक हो । त्यसपछि नेपालले गत जेठको पहिलो हप्ता सगरमाथा संवादको आयोजना पनि ग¥यो । नेपालले पहिलोपटक आयोजना गरेको यो अन्तरराष्ट्रियस्तरको कार्यक्रममा नेपालले राखेको जलवायु परिवर्तनको एजेण्डामा सो संवादमा सहभागी विश्वका नेताहरुले सहमति जनाउनुका साथै आगामी दिनमा नेपालको जलवायु न्यायको अभियानलाई साथ र सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका थिए।

प्रायःसबै देशमा परराष्ट्रमन्त्रीको क्षमता र योग्यताको मापन उसको 'इङ्गेजमेन्ट' अर्थात द्विपक्षीय या बहुपक्षीय भेटवार्ता र राष्ट्रिय एजेण्डासहितका अन्तरराष्ट्रिय भ्रमणमा गर्ने गरिन्छ । यसलाई नै परराष्ट्रमन्त्रीको कूटनीतिक सक्रियता भन्ने गरिन्छ । धेरै वैदेशिक भ्रमण र ती भ्रमणका क्रममा आफ्ना राष्ट्रिय हित र चासोका मुद्दामा वार्तालाप गरी आफ्ना पक्षमा कूटनीतिक कौशलता प्रदर्शन गर्नु नै परराष्ट्रमन्त्रीको क्षमता हो । यो कसीबाट परराष्ट्रमन्त्री डा राणाको एक वर्षको मूल्याङ्कन सफल मान्नुपर्छ । नेपालको परराष्ट्रमन्त्रीका हैसियतले गत भदौ पहिलो साता छिमेकी मुलुक भारतबाट विदेश भ्रमण शुरु गरेकी उनले त्यसयता विश्वका अन्य देशसम्म पुगेर आफ्नो कूटनीतिक क्षमता र योग्यताको राम्रोसँग प्रदर्शन गरेकी छिन् । उनले विभिन्न अन्तरराष्ट्रिय मञ्चमा उपस्थितिमार्फत् नेपालको कूटनीतिक दायरा विस्तार गर्नुका साथै राष्ट्रिय हित र हाम्रा चासोका मुद्दालाई प्रमुखताका साथ उठाउँदै आएकी छिन्।

नेपालको भूराजनीतिक अवस्थिति बमोजिम उनले छिमेक सम्बन्ध र कूटनीतिक सन्तुलनलाई पनि राम्रैसँग ख्याल गरेकी छिन् । भारतका विदेशमन्त्री जयशङ्कर र चिनियाँ विदेशमन्त्री वाङ यीसँग उनले तीन पटकसम्म द्विपक्षीय भेटवार्ता गरेकी छिन् । चीनसँग लामो समयदेखि थाँती रहेको बिआरआई सम्झौतामा हस्ताक्षर भएको छ भने नेपालबाट विद्युत् आयात गर्ने सम्झौतालाई भारतले उन भारत भ्रमणमा रहेकै बेला थप परियोजनामा स्वीकृति दिएर औपचारिक सुरुआत गराएको छ । साथै, यसै अवधिमा भारत भएर बङ्गलादेशले विद्युत् खरिद गर्ने सम्झौता पनि सम्पन्न भएको छ।

यसरी छिमेक नीतिदेखि विश्व सम्बन्धसम्म मन्त्री डा राणाले नेपालको परराष्ट्र नीतिलाई सन्तुलित एवम् सबल रूपमा नेपालको आवश्यकता र राष्ट्रिय हितमा समयसापेक्ष विस्तार गरेकी छिन् । उनको यो सक्रियता र कूटनीतिक इङ्गेजमेन्टका कारण नेपालको राष्ट्रिय स्वार्थ बमोजिमका एजेण्डाहरुले अन्तरराष्ट्रिय मञ्चमा पनि प्रवेश र प्राथमिकता पाएका छन् । रासस

# साउनमा धार्मिक आस्था र श्रृङ्गारको रौनक

संगीता राई

धरान उपमहानगरपालिका–१४ की रमा नेपाली बिहीबार बिहानै हरियो चुरा र मेहेन्दी लगाएर मन्दिरमा पुगिन् । हरेक वर्ष साउने सङ्क्रान्तिको दिनदेखि नै यसरी नै उन हरियो श्रृङ्गारमा सजिने गर्छिन् । उनी भन्छिन्, 'साउन सुरु भएपछि हरियो श्रृङ्गारमा सजिनु धर्म र संस्कृतिप्रतिको श्रद्धा हो जस्तो लाग्छ । ब्रत बसेर हरियो चुरा लगाउँदा आत्मिक सन्तुष्टि मिल्छ ।'

उनका अनुसार साउन महिना जीवनसँग गहिरो रूपमा जोडिएको छ । यो महिना शुरु हुनासाथ महिलामा विशेष उत्साह जाग्ने गर्दछ । हरियो चुरा, मेहेन्दी, हरियो र पहेँलो पहिरन केवल सजावट मात्र नभई उन परम्परा र आस्थाका प्रतीक ठान्छिन् । शिवको पूजा गर्दै सोमवार ब्रत बस्दा आत्मिक शान्ति मिल्ने उनको अनुभव छ । बाल्यकाल सम्झँदै उनी भन्छिन्, 'पहिले आमा बिहानै उठेर गाईको दूध, बेलपत्र लिएर पूजा गर्न मन्दिर जानुहुन्थ्यो । अहिले म आफैंले पनि त्यो परम्परा निर्वाह गरिरहेकी छु ।'

साउन महिनाको ब्रतले अनुशासन, संयम र श्रद्धाको भाव सिकाउने बताउँदै उनले हरियो रङलाई जीवनमा आशा र समृद्धिको प्रतीकका रूपमा लिएकी छिन् । साथीहरूसँग चुरा किन्न बजार जाँदा हुने रमाइलो क्षण अझै विशेष लाग्ने गरेको उनको अनुभव छ । साउन महिनाको आगमनसँगै नेपाली हिन्दू समुदायमा विशेष उमङ्ग र उल्लास छाउने गर्दछ । प्रत्येक वर्ष झैँ यस वर्ष पनि साउने सङ्क्रान्तिदेखि नै देशका विभिन्न शहरमा हरियाली पोशाक, चुरा र मेहेन्दीको रौनक देखिन थालेको छ । धरान, सुनसरीलगायतका सहरमा साउन लागेसँगै महिला दिदीबहिनी हरियो, पहेँलो र रातो रङका पहिरन, चुरा तथा मेहेन्दीमा सजिएर धार्मिक आस्था प्रकट गरिरहेका छन् ।

धरान उपमहानगरपालिका–३ की पवित्रा सुवेदी पनि साउनभर हरियो चुरा, पोते र पहिरनमा सजिन मन लाग्ने बताउँछिन् । उनी प्रत्येक सोमबार ब्रत बस्ने र शिव मन्दिर गई पूजापाठ गर्ने गरेको बताइन् । शिवको कृपा पाउन पार्वतीले जस्तै हरियो पहिरन र चुरा लगाएर ब्रत बसिन्छ भन्ने विश्वासले गर्दा यो परम्परा पछ्याउँदै आएको उनले सुनाइन् । धरान उपमहानगरपालिका–२० की सरस्वती राई भन्छिन्, 'साउनमा बजारको चहलपहल हेर्दा दशैँ झैँ लाग्छ ।' उनले पनि साउनमा लगाउन केही दिनअघि नै बजार आई हरियो चुरा, पोते र कपडा किनेको बताइन् ।

साउनमा विशेषगरी सोमबारका दिन ब्रत बसी शिव मन्दिरमा पूजा–आराधना गर्ने परम्परा रहिआएको छ । विशेषगरी विवाहित महिलाहरूका लागि साउन महिना धर्म, संस्कृति र सौभाग्यको प्रतीकका रूपमा लिइन्छ । यस महिनाभर महिलाहरूले ब्रत बस्ने शिव मन्दिर जाने, शाकाहारी भोजन ग्रहण गर्ने तथा हरियो श्रृङ्गारका सामग्री प्रयोग गर्ने परम्परा रहेको छ । साउन महिना शिवजीको आराधनाको विशेष समयको रुपमा लिने गरिन्छ । यो महिनाभर ब्रत बस्ने, मन्दिर जाने, चुरा–मेहेन्दी लगाउने चलन पुरानै हो । तर समयसँगै यसको महत्व अझ बढेको छ । अहिले महिलाहरूले यो समयलाई आत्मचिन्तन र आध्यात्मिक उन्नतिको समयका रूपमा पनि लिने गरेका छन् । साडीमा हरियो र पहेँलो रङको मेल, चुरा र मेहेन्दीले सजिएको हात यी सबै कुराले हाम्रो संस्कृतिलाई जीवित राखेको छ ।

'साउनको हरेक सोमबार मन्दिरमा शिव पूजाका लागि जाने हाम्रो परम्परा छ, म यसलाई केबल धार्मिक कर्तव्यको रूपमा होइन, महिलाहरूबीचको एकताको रूपमा पनि हेर्छु,' इटहरी उपमहानगरपालिका–७ का रमा बस्नेत भन्छिन्, 'साउन महिनाभर हामी समूहमा पूजा गर्छौं, भजन गाउने गर्छौं, अनि एक अर्काको घरमा प्रसाद बाँड्छौँ यस्तो संस्कारले साथीहरुमा सम्बन्ध बलियो बनाउँछ ।' साउन महिना हामी महिलाका लागि भने साँच्चीकै विशेष लाग्ने गरेको बताउँदै उनी भन्नुहुन्छ, 'ब्रत बस्दा शरीर शुद्ध हुन्छ, हरियो चुरा र पहेँलो कपडा लगाएर साथिहरुसँग मठमन्दिरमा पूजा गर्न जान्छौँ । यसले हाम्रा तन र मन पवित्र भएको अनुभव हुन्छ ।'

अहिले साउन महिनाको आगमनसँगै धरानको प्रमुख व्यापारिक क्षेत्र भानुचोक, सब्जीमण्डी, देसीलाइन, पुरानो बजारलगायतका स्थानमा रहेका कस्मेटिक तथा चुरा पसलमा उल्लेखनीय चहलपहल देखिएको छ । श्रृङ्गार सामग्री किनमेल गर्ने महिला ग्राहकको आवागमन बाक्लिँदै गएसँगै ती क्षेत्रमा बजार गतिविधि झनै रङ्गीन बनेको छ ।

व्यापारीहरूका अनुसार साउन महिनामा बिक्री हुने चुरा, मेहेन्दी, टिका, क्लिप, बिन्दी, नेलपोलिस, सिन्दूरलगायतका श्रृङ्गार सामग्रीमा अन्य महिनाको तुलनामा उल्लेखनीय माग बढ्ने गरेको छ । विशेषगरी विवाहित तथा किशोरी महिला साउन महिनामा हरियो रङको चुरा र मेहेन्दीप्रति आकर्षित हुने भएकाले बजारमा ती वस्तुको माग उच्च हुने गरेको गर्दछ । 'साउन एक महिनाको बिक्री अरू महिनाभन्दा दोब्बर जस्तै हुन्छ,' धरान सब्जीमण्डीका व्यापारी सञ्जय महर्जनले भने, 'साउन शुरु भएपछि ग्राहकको घुइँचो बिहानैदेखि लाग्ने गर्छ । अघिल्ला महिनामा फाट्टफुट्ट ग्राहक आउने तर साउन शुरु भएपछि चुरा लागाउने ग्राहक महिलाहरुको संख्या बिहानैदेखि बेलुकासम्म नै पसलमा भीड हुन्छ ।'

यसरी साउनले बजारमा ल्याउने उत्साह र चहलपहलले स्थानीय साना व्यापारीलाई मात्र होइन, सम्पूर्ण बजारलाई नै जीवन्त बनाउने गरेको देखिन्छ । व्यापारी महर्जनले भने, 'साउन महिना हामीजस्ता साना व्यापारीका लागि विशेष व्यस्तता र आम्दानीको राम्रो अवसर पनि हो ।' साथै, मेहेन्दी लगाउने चलन बढेसँगै धरानका सौन्दर्य सैलुन, ब्युटीपार्लरमा समेत सेवाग्राहीको चाप दोब्बर भएको देखिएको छ । धरानको देसीलाइनमा ब्युटीपार्लर सञ्चालन गर्दै आउनु भएका रमिला खत्री साउन शुरु भएयता मेहेन्दी लगाउन आउने महिलाको संख्या दिनहुँ बढ्दै गएको बताउँछिन् ।

हरियाली, हरियो चुरा, हरियो मेहेन्दी र हरियो पोशाकले साउनले नारी चेतनामा आध्यात्मिक अनुभूति थप्ने गरेको छ । धरानको सडकदेखि मन्दिर परिसरसम्म र बजारदेखि नारी मनसम्म साउने हरियालीले आत्मालाई हरित भावनासँग जोड्ने गरेको छ । साउनमा विशेषगरी विवाहित हिन्दू महिलाहरूले श्रीमान्को दीर्घायुको कामना गर्दै ब्रत बस्ने, हरियो चुरा र मेहेन्दी लगाउने तथा शिव मन्दिरमा पूजाआजा गर्ने परम्परा छ । आज साउने सङ्क्रान्तिको बिहानै धरानका मन्दिरमा पूजारी र दर्शनार्थीको सङ्ख्यासमेत उल्लेखनीय बढेको देखिन्छ ।

हिन्दू शास्त्रअनुसार हरियो रङलाई हरियाली, प्रेम र आशाको प्रतीक मानिन्छ भने पहेँलो रङ पवित्रता र रातो रङ सौभाग्यको सङकेत हो । यी तीन रङगको संयोजनमा श्रृङ्गार गरेर महिलाहरू शिव उपासना र ब्रतमा सहभागी हुने गर्छन् । हिन्दू धर्मशास्त्रमा उल्लेख भएअनुसार साउन महिनाभर देवी पार्वतीले भगवान शिवलाई प्राप्त गर्न निराहार ब्रत बसी, हरियो चुरा, पोते, मेहेन्दी र पहिरनमा सजिएर पूजा गरेको वर्णन पाइन्छ । यही धार्मिक प्रसङ्गलाई आधार मानेर नेपाली हिन्दू नारीहरूले यो महिनालाई सौभाग्य, पति दीर्घायु र पारिवारिक समृद्धिको प्रतीकका रूपमा मनाउने गर्छन् ।

**बोलबम मेला शुरु**

साउन महिनाको आगमनसँगै धरानको प्रसिद्ध धार्मिक स्थल धरान उपमहानगरपालिका–१४ मा रहेको पिण्डेश्वर मन्दिरमा पनि धार्मिक र सांस्कृतिक रौनक शुरु भएको छ । धरानको विजयपुर डाँडामा अवस्थित पिण्डेश्वर महादेव मन्दिरमा बोलबम मेला शुरु भएको छ । यो मेला साउन महिनाभर लाग्ने गर्दछ । साउन महिना शुरु भएसँगै धरानको प्रसिद्ध पिण्डेश्वर मन्दिर शिवभक्तको भीडले भरिन थालेको छ । विशेषगरी भारत र नेपालका विभिन्न स्थानबाट आएका भक्तजन चतरास्थित सप्तकोशी नदीमा स्नान गरी खाली खुट्टा हिँड्दै गेरुवस्त्र लगाएर पवित्र जल बोकेर पिण्डेश्वर मन्दिरमा जल चढाउन आउने परम्परा पछिल्ला केही दशकयता अत्यन्तै बढेको छ ।

पिण्डेश्वर मन्दिरमा 'अमृतपिण्ड'का रूपमा भगवान शिवको पूजा अर्चना गरिन्छ । मान्यता अनुसार यो मन्दिर अमृतको अंशबाट स्थापित भएकाले यहाँ चढाइने जलले विशेष पुण्य प्राप्त हुन्छ भन्ने विश्वास छ । स्कन्ध पुराणमा समेत यसको उल्लेख भेटिन्छ । यही विश्वासका कारण हरेक वर्ष साउनभर विशेषगरी सोमबारका दिन शिवभक्त यहाँ आएर पूजापाठ गर्ने गर्छन् ।

हिन्दू धर्मशास्त्र अनुसार साउन शिवजीको प्रिय महिना मानिन्छ । विशेषगरी साउनको सोमबारलाई अत्यन्तै शुभ र फलदायी मानिन्छ । यसै कारणले धरानको पिण्डेश्वर मन्दिरमा हरेक सोमबार विशेष मेला लाग्ने गर्छ, जसलाई बोलबम मेला भनेर चिनिन्छ । यस मेलामा सहभागी हुने भक्तजन 'बोलबम 'हर हर महादेव' जस्ता नारासहित श्रद्धाभावमा रमाउने गर्दछन् । उनीहरु समूह बनाएर पैदल यात्रा गर्छन् ।

भारतको बिहारस्थित देवघरको बैद्यनाथधाम मन्दिरमा बोलबम मेलाको पुरानो परम्परा रहँदै आएको थियो । विसं २०४२ देखि धरानको पिण्डेश्वर मन्दिरमा पनि बोलबम मेला शुरु गरिएको हो । विशेषगरी सीमावर्ती भारतीय राज्यहरू बिहार, झारखण्ड, उत्तर प्रदेशदेखि लिएर नेपालको तराई, पहाड, र राजधानीसम्मका भक्तजन यहाँ आउने गर्दछन् । पिण्डेश्वर मन्दिर परिसरमा यस समयमा व्रतालुहरूका लागि जलपान, विश्राम, र पूजा सामग्री किन्न सकिने दर्जनौं अस्थायी स्टलहरू समेत सञ्चालनमा ल्याइएको छ । स्थानीय बासिन्दा र धार्मिक सङ्घसंस्थाले भक्तजनलाई सहज यात्रा बनाउने उद्देश्यले स्वेच्छिक सेवा प्रदान गर्ने गर्दछन् ।

धरानको पिण्डेश्वर मन्दिर धार्मिक आस्थाको केन्द्र मात्र नभई पर्यटकीय हिसाबले पनि आकर्षक गन्तव्य मानिन्छ । साउनमा आयोजना हुने बोलबम मेलाले धरानको धार्मिक पर्यटन प्रवद्र्धनमा सकारात्मक प्रभाव पार्दै आएको पिण्डेश्वर बाबाधाम समितिका अध्यक्ष विकास बनेपालीले बताए । धार्मिक श्रद्धा, सांस्कृतिक विविधता र भक्तिभावको अद्वितीय संगमको अनुभूति गराउने पिण्डेश्वर मन्दिरमा, साउन महिनाभरि बोलबमको जयकाराले वातावरण भक्तिमय बनाउने गरेको उनको भनाइ छ । शिव भक्तिको उत्सव, रंगीन श्रृङ्गारको समावेशी सौन्दर्य र पिण्डेश्वरमा गुञ्जिने बोलबमको जयघोषसँगै धरान हरेक वर्ष साउन महिना साँच्चीकै हरियाली शहर बन्ने गर्दछ । रासस

# 'औद्योगिक पूर्वाधार विकासमा सरकार साधक बन्नेछ'




**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आर्थिक उद्यमशीलता रहेका ठाउँमा रोजगारी सिर्जना हुने भएकाले औद्योगिक पूर्वाधार विकासमा सरकार केन्द्रित रहेको बताएका छन । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको बिहिवार आयोजित ३८औँ वार्षिकोत्सव समारोहमा उनले औद्योगिक पूर्वाधार विकासमा सरकार बाधक नबनी साधक बन्ने धारणा राखे ।

उद्योग, वाणिज्य तथा आपूर्ति सचिव कृष्णबहादुर राउतले औद्योगिक क्षेत्रलाई सूचना प्रविधिसँग जोडेर विकास गर्नुपर्ने आवश्यकता औँल्याए । उनले औद्योगिक क्षेत्रलाई आधुनिक प्रविधियुक्त, नविन तथा प्रतिस्पर्धी बनाउन निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने धारणा राखे ।

बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका अध्यक्ष बाबुराम पन्तले औद्योगिक प्रवद्र्धनका लागि निजी क्षेत्रसँग सहकार्य गर्दै आफूहरू अगाडि बढिरहेको उल्लेख गरे ।

समारोहमा विभिन्न औद्योगिक क्षेत्रमा कार्यरत उत्कृष्ट कर्मचारी तथा सफल उद्योगलाई सम्मानसहित पुरस्कार प्रदान गरिएको थियो । देशभरका औद्योगिक क्षेत्रको एकीकृत व्यवस्थापन, समन्वय तथा प्रवद्र्धन गर्ने उद्देश्यले स्थापित यस संस्थाले वार्षिकोत्सवको अवसरमा विविध कार्यक्रम आयोजना गरेको हो ।

सरकारले लिएको नीतिअनुरूप औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उद्योगलाई सेवा दिने सक्रिय संयन्त्रका रूपमा आफ्नो भूमिका मजबुत बनाउँदै आएको छ ।रासस

# श्रम र उत्पादनलाई सँगसँगै लैजान पूर्वप्रधानमन्त्री प्रचण्डको आग्रह

**ललितपुर ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनतासँग प्रगाढसम्बन्ध बनाएर श्रम र उत्पादनलाई सँगसँगै लैजानुपर्ने बताएका छन ।

वाइसिएल नेपाल केन्द्रीय समितिले ललितपुरको सुनाकोठीस्थित बालकुमारी चौरमा बिहिवार आयोजित 'श्रम तथा उत्पादनमा वाइसिएल' अभियानको शुभारम्भ गर्दै उनले अविरल वर्षा र बाढीपहिरोबाट हुने सम्भावित क्षतिलाई रोक्न सहयोग गर्न आग्रह गरे ।

उनले भने,' परिवर्तनलाई उल्टाउने षड्यन्त्र भइरहेको छ, यसलाई असफल बनाउन सकिन्छ, युवाहरूको सहभागिता धेरै महत्वपूर्ण परिवर्तन हुन्छ, यसलाई अभियानका रुपमा अगाडि बढाउनुपर्छ ।'

'श्रम तथा उत्पादनमा वाइसिएल' अभियान शुभारम्भ कार्यक्रममा पार्टीका उपाध्यक्ष पम्फा भुसाल, बागमती प्रदेशका इन्चार्ज सरल सहयात्री, केन्द्रीय सदस्यहरु हरि दाहाल, राजकाजी महर्जन, दिपेश महर्जनलगायतका नेताहरुको सहभागिता रहेको थियो ।

वाइसिएल नेपालका इन्चार्ज रामप्रसाद सापकोटा 'दिपशिखा'ले अभियान देशभर साउन र भदौ महिनाभर सञ्चालन हुने जानकारी गराउँदै यो कार्यक्रम आजैबाट पचास वटा जिल्लामा सुरु भएको बताए । उनले मुलुकको उत्पादन, श्रम र विपद् व्यवस्थापनलाई जोड दिएर वाइसिएल नेपालले काम गर्ने जानकारी गराए ।रासस

# बिपी प्रतिष्ठानमा बीमा सेवाले निरन्तर पाउने




**धरान ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जारी स्वास्थ्य बिमा सेवाले निरन्तरता पाउने बताएका छन । बिहिवार धरान उपमहानगरपालिका–१९ स्थित हरियाली पार्कमा स्वर्गीय नगर प्रमुख तारा सुब्बाको ७औँ स्मृति दिवसको अवसरमा नेकपा एमाले १९ नं वडा कमिटीले आयोजना गरेको स्मृतिसभा कार्यक्रममा उनले यो सेवा तीन महिनाका लागि सुरु गरिएको भए पनि अब बन्द नहुने बताए । 'बिमा सेवाले जनताको अधिकारका रूपमा स्थायित्व पाउनेछ,' उनले भने ।

बिपी प्रतिष्ठानलाई जनताको पहिलो स्वास्थ्य सहाराको रूपमा उभ्याउन कोशी प्रदेश सरकार सफल भएको उनले उल्लेख गरे । जनताको स्वास्थ्यप्रति सरकार गम्भीर रहेको र स्वास्थ्य सेवा अस्थायी हुने कुरा कहिल्यै स्वीकार्य नहुने उनको भनाइ छ ।

धरानको दीर्घकालीन खानेपानी समस्याका सम्बन्धमा उनले सङ्घीय सरकारसँग सहकार्य गरी 'लेउती सुरुङ मार्ग' निर्माणको सम्भाव्यता अध्ययन अघि बढाउने बताए । धरानलाई स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगारीको केन्द्रका रूपमा विकास गर्ने योजना प्रदेश सरकारको रहेको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले बसाइँसराइ रोक्न त्यसअनुसार संरचना निर्माणको खाँचो औँल्याए ।

मुख्यमन्त्री कार्कीले दिवङ्गत तारा सुब्बाको सम्झनामा धरानको समग्र विकासका लागि संकल्पसहितको सहकार्य आवश्यक रहेको बताउँदै भने, 'धरान बनाउने अभियान अब टुङ्गोमा पु¥याउने समय आएको छ । संकल्प, योजना र कार्यान्वयन सँगसँगै जानुपर्ने आजको आवश्यक्ता हो ।' रासस

# रास्वपाले उम्मेदवार छनोटका लागि बनायो कार्यविधि

**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभा सदस्य निर्वाचन 'पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली'का लागि उम्मेदवार छनोटको कार्यविधि सार्वजनिक गरेको छ ।

रास्वपाले बनाएको कार्यविधिमा नेतृत्व क्षमता, राजनीतिक निकटता, समावेशिता र आन्तरिक रुपमा हुने प्रारम्भिक निर्वाचनमा प्राप्त मतलाई उम्मेदवार छनोटको आधार बनाएको हो ।

पार्टी केन्द्रीय कार्यालयमा बिहिवार आयोजित पत्रकार सम्मेलनमा पार्टीका सहमहामन्त्री विपिन आचार्यले रुपन्देही–३ मा आगामी कात्तिक १७ गते हुने उपनिर्वाचनका लागि सोही कार्यविधिका आधारमा उम्मेदवार छनोट गरिने जानकारी दिए ।

'रुपन्देहीलाई प्रस्थानबिन्दु मानेर पार्टीले उम्मेदवार छनोट विधि पारित गरेका हो', उनले भने, 'पार्टीले छान्ने उम्मेदवार पार्टीको गतिविधिमा संलग्न, पदाधिकारीदेखि सदस्यहरुले रुचाएको र क्षमतावान व्यक्ति जसले देश र जनताका लागि योगदान दिन सक्षम हुनुहुन्छ, यस्तो उम्मेदवारलाई छनोट गर्ने गरी कार्यविधि बनाएका हौ ।'

पार्टीका प्रवक्ता मनिष झाले उम्मेदवारको स्वीकारत्व, व्यक्तित्व र क्षमता सधै हाबी हुने स्पष्ट पारे । रास्वपाले पार्टी स्थापना भएयता आन्तरिकरुपमा प्रारम्भिक निर्वाचन विधिबाट उम्मेदवार चयन गर्दै आएको बताउदै आएको छ । सोही विधिमा थप परिमार्जन र परिस्कृत गर्दै नयाँ कार्यविधि बनाइएको जनाइएको छ ।

'लिडरसिप एकेडेमीमा २५ प्रतिशत, पोलिटिकल प्राक्सेमिटीमा २० प्रतिशत, समावेशितामा पाँच प्रतिशत र प्रारम्भिक निर्वाचनको नतिजामा ५० प्रतिशत अङ्कभार निर्धारण गरिएको छ', प्रवक्ता झाले भने । पार्टीले एक साताभित्र उम्मेदवार छनोटको तालिका सार्वजनिक गर्ने बताएको छ ।रासस

# बेलायतको संसदीय अभ्यासबारे अनुभव आदानप्रदान गरी लगानी प्रवर्द्धन गरिने

**काठमाडौँ ।**
नेपाल–बेलायत संसदीय मैत्री समूहले नीति निर्माण अनुभव आदानप्रदान र लगानी प्रवद्र्धनबारे छलफल गरेको छ ।

बिहिवार सिंहदरबारमा बसेको सो समूहको बैठकले वेष्ट मिन्स्टर फाउन्डेसन फर डेमोक्रेसी (डब्लुएफडी) र नेपाल बेलायत चेम्बर अफ कमर्सका पदाधिकारीसँग छलफल गर्दै नीति निर्माणमा अनुभव आदानप्रदान तथा दुई देशका विविध क्षेत्रमा लगानी प्रवद्र्धनका लागि संसदीय कुटनीति प्रयोग गर्ने निष्कर्ष निकालेको हो ।

समूहका संयोजक विराजभक्त श्रेष्ठकाअनुसार वेष्ट मिन्स्टर फाउन्डेसनसँग नेपाल र बेलायतको संसदीय अभ्यास, नीति निर्माणको प्रक्रियाबारे अनुभव आदानप्रदानमा सहकार्य गर्ने समझदारी बनेको छ ।

यसैगरी नेपाल बेलायत चेम्बर अफ कमर्ससँग दुई देशबीच सम्भावनाका क्षेत्र, लगानी प्रवद्र्वनबारे सहकार्य र मैत्री समूहले संसदीय कुटनीति प्रयोग गर्ने समझदारी बनेको संयोजक श्रेष्ठले बताए । दुवै संस्थासँग सहकार्यको खाका बनाएर अगाडि बढ्ने उनको भनाइ छ ।

मैत्री समूहले नेपाल बेलायत सम्बन्धको संसदीय आयाम, विविध सम्बन्धबारे परराष्ट्र मन्त्रालयसँग छलफल गर्ने निर्णय पनि गरेको छ । बैठकमा वेष्ट मिन्स्टर फाउन्डेसनका निर्देशक दिनेश वाग्लेले नेपालमा हालसम्म गरेको काम, साझेदारीका ढाँचा तथा भविष्यका योजना बारे प्रस्तुति गरेका थिए ।

नेपाल–बेलायत चेम्बर अफ कमर्सका प्रमुख राजेन्द्र खेतानले बैठकमा नेपालको लगानी सम्भाव्यता, बेलायती लगानीकर्ताका लागि आकर्षक क्षेत्र, दुवै देशबीचको आर्थिक साझेदारीमा रहेका अवसर र चुनौतीहरूबारे धारणा राखे । समूहले नेपाल–बेलायत सम्बन्धलाई अझ सुदृढ बनाउने र संसदीय कूटनीति तथा आर्थिक सहकार्यलाई बलियो बनाउने जनाएको छ ।रासस

# जग्गा प्रकरणसम्बन्धी अडियो रेकर्डमाथि छानबिन होस्

**काठमाडौँ ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले पोखरास्थित विवादित जग्गा प्रकरणसम्बन्धी 'अडियो रेकर्ड' आफ्नो चरित्र हत्या गर्ने उद्देश्यले सार्वजनिक गरिएको बताएका छन । वार्षिक उपलब्धिसम्बन्धी जानकारी दिने उद्देश्यले मन्त्रालयमा बिहिवार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले केही दिनदेखि आफ्नो र परिवारका सदस्यकोसमेत नाम जोडी सुनियोजित ढङ्गबाट 'अडियो रेकर्ड' सार्वजनिक भएकामा आपत्ति व्यक्त गरे ।

भूमिसुधारमन्त्री अधिकारीले आवश्यक ऐन, नियम, कानुनसहित कार्यसंयन्त्र निर्माण गरी देश र जनताका पक्षमा राम्रो काम गरिरहेको मन्त्रीका विषयमा यस किसिमको अफवाह फैलाएर चरित्र हत्या गर्ने प्रयास भइरहेको उल्लेख गर्दै सो 'अडियो रेकर्ड'का विषयमा यथार्थ छानबिन होस् भन्ने पक्षमा आफू रहेको स्पष्ट गरे ।

आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछिको एक वर्षको अवधिमा भूमि व्यवस्था, सहकारी र गरिबी निवारणका क्षेत्रमा धेरै राम्रा काम दाबी गर्दै उनले यसबीचमा भएका राम्रो कामको सरहना गरी धन्यवाद दिनुको सट्टा मन्त्रीकै चरित्रमाथि आँच पु¥याउने काम भएकामा खेद व्यक्त गरे । विवादित उक्त 'अडियो रेकर्ड' र जग्गा प्रकरणका सन्दर्भमा सत्यतथ्य समाचार बाहिर ल्याउन आमसञ्चरकर्मीसँग अनुरोध गर्दै मन्त्री अधिकारीले भने, 'चरित्र हत्या गर्ने उद्देश्यका साथ अडियो रेकर्ड सार्वजनिक भएको छ । आफूसहित परिवारका सदस्यलाई जोडेर सार्वजनिक गरिएको 'अडियो रेकर्ड'का बारेमा यथार्थ छानबिन होस् । जिम्मेवार आमसञ्चारमाध्यमले पनि विषयको गहिराइमा पुगेर सत्यतथ्य समाचार सम्प्रेषण गरिदिनुप¥यो । त्यसमा दोषी देखिए जस्तोसुकै सजाय भोग्न तयार छु ।'रासस

# 'छाउगोठ बनाउने र बस्न बाध्य पार्नेलाई सुविधामा पुर्नविचार गर्छौं'



**काठमाडौं ।**
गृहमन्त्री रमेश लेखकले छाउगोठ बनाएको पाइए र महिनावारी हुँदा छाउगोठमा बस्न बाध्य पार्नेलाई स्थानीय तहबाट पाउने निश्चित सुविधामा पुर्नविचार गर्ने गरी मुलुकभरका स्थानीय तहलाई परिपत्र गरिने बताएका छन ।

बिहिवार अन्तर पार्टी महिला सञ्जालका पदाधिकारीसँगको भेटमा उनले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरी देशभरका स्थानीय तहलाई यस्तो परिपत्र गर्ने गरी गृहकार्य गरिने बताए ।

'महिनावारीमा ठुलो अन्धविश्वासले काम गरेको छ', मन्त्री लेखकले भने, 'यसको निर्मलीकरणका लागि कसरी अगाडि बढ्ने अन्तर पार्टी महिला सञ्जालको पनि सहयोग र सुझाव आवश्यक छ ।'

महिलामाथि हुने हिंसा, बलात्कार लगायतका घटनामा सरकार गम्भीर रहेको मन्त्री लेखकको भनाइ छ । 'महिलाहरुको मर्यादा, गरिमा, स्वाभिमान र सुरक्षामा गम्भीर छु', लेखकले भने, 'अपराध गर्नेलाई कारबाहीको दायरामा ल्याउने काम पनि भइरहेको छ ।'

सो क्रममा अन्तर पार्टी महिला सञ्जालका अध्यक्ष ममता गिरीसहितको टोलीले महिला तथा बालबालिकामाथि हुने गरेको विभेद र हिंसाका घटना घटिरहेको भन्दै त्यसको नियन्त्रणका लागि मन्त्री लेखकलाई ज्ञापनपत्रसमेत बुझाएका छन् ।रासस

# खानेपानी विभागले ९० प्रतिशत वित्तीय प्रगति हासिल गरेको दाबी

**काठमाडौं ।**
खानेपानी मन्त्रालय मातहतको खानेपानी तथा ढल व्यवस्थापन विभागले चालु आर्थिक वर्षमा ९० प्रतिशत वित्तीय प्रगति हासिल गरेको दाबी गरेको छ ।

विगतका वर्षहरूमा सुस्त प्रगति देखिँदै आएको विभागले यसपटक उल्लेखनीय सुधार गर्दै सबैको ध्यान खिच्न सफल भएको दाबी गरिएको छ । खानेपानीमन्त्री प्रदीप यादवको प्रयासले यो सफलता सम्भव भएको विभागले जनाएको छ ।

अघिल्लो आर्थिक वर्षमा विभागको वित्तिय प्रगति ६३ प्रतिशत मात्र रहेकोमा चालु आर्थिक वर्षमा विभागले कुल ९० दशमलव १० प्रतिशत वित्तीय प्रगति गर्न सफल भएको जनाइएको छ ।

विभागको अद्यावधिक विवरणअनुसार संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना बाँकेले ९७ दशमलव ८३, रामेछापले ९६ दशमलव ९१ प्रतिशत, रुपन्देहीले ९५ दशमलव ९४, म्याग्दीले ९५ दशमलव ६२ तथा कास्कीलेले ९५ दशमलव ४२ प्रतिशत प्रगति हासिल गरी उत्कृष्ट परेका छन् ।

समयमै योजना कार्यान्वयन, अनुगमन तथा अन्तरसंस्थागत समन्वयले गर्दा विभागले उल्लेख्य सफलता हात पार्न सफल भएको विभागका महानिर्देशक इन्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिए ।उनले भने, 'विभागको वित्तीय प्रगती ९० प्रतिशत पुगेको छ । यो विभाग सहित मन्त्रालयका लागि नै ठूलो उपलब्धि हो । रकमान्तरमा सहयोग गर्ने खानेपानी मन्त्रालय, अर्थ मन्त्रालयलगायत सबैमा विभाग अनुग्रहित छ ।'

उनले आगामी दिनमा अझ प्रभावकारी कार्यान्वयनका लागि विभाग प्रतिवद्ध रहेको समेत स्पष्ट पारे । उनले आम उपभोक्ता समिति, निर्माण व्यवसायीलाई समेत धन्यवाद व्यक्त गरे ।विभागले मुलुकभरका खानेपानी तथा ढल व्यवस्थापन परियोजनाहरूमा देखाएको तीव्रता र परिणाममुखी कार्यप्रगति यो उपलब्धिको मुख्य कारण भएको मन्त्री यादवले जानकारी दिए ।

उनले भने, 'जनताको आधारभूत आवश्यकता पूरा गर्नु हाम्रो दायित्व हो । हामी परिणाम देखिनेगरी काम गर्छौं प्रगति अङ्कमा मात्र होइन, जनताको जीवनस्तरमा देखिनुपर्छ । आज जुन कुरा विभागले देखाएको छ ।'

खानेपानीका क्षेत्रमा विशेषगरी ग्रामीण भेगमा पहुँच नपुगेका क्षेत्रहरूमा सेवा विस्तारमा गरिएको प्रयास र काम पनि प्रसंशनीय रहेको उनको भनाइ छ ।

# यातायातमन्त्री दाहाल र चीनका राजदूतबीच शिष्टाचार भेट

**काठमाडौँ ।**
नेपालका लागि चीनका राजदूत चेन सङले भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालसँग शिष्टाचार भेट गरेका छन ।

बिहिवार मन्त्रालयमा भएको सो भेटमा बाढीले क्षतिग्रस्त स्याफ्रुबेँसी–रसुवागढी सडक तथा सीमा पुल निर्माणलगायतका विषयमा छलफल भएको मन्त्री दाहालको सचिवालयले जनाएको छ । भेटका क्रममा क्षतिग्रस्त सडक तथा पुलको पुनःनिर्माणमा चीनले चासो देखाएको छ । चीनले सीमापुल भएको स्थानमा जतिसक्दो छिटो अस्थायी पुल बनाउने प्रतिबद्धता जनाएको छ ।

यसैगरी चीन सरकारको सहयोगमा सञ्चालित अन्य आयोजना टोखा–छहरे सुरुङ्मार्ग, हिल्सा–सिमिकोट सडक, खाँदबारी–किमाथाङ्का सडकलगायतका विषयमा पनि छलफल भएको थियो । छलफलमा राजदूत सङले काठमाडौँ–चक्रपथ दोस्रो खण्ड विस्तार सुरु गर्ने बताए ।

भेटपछि मन्त्री दाहालले नेपालको विकासमा चीनले गर्दै आएको सहयोगप्रति धन्यवाद व्यक्त गरे । आगामी दिनमा नेपाल र चीनबीच रहँदै आएको सहकार्य अझ प्रगाढ बन्ने विश्वाससमेत मन्त्री दाहालले व्यक्त गरे ।रासस

# पर्यटकको आकर्षक गन्तव्य बन्दै आमपानी झरना

**कैलाली।**
लम्की बजारदेखि करिब सात किलोमिटर उत्तर चुरे पहाडको फेदीमा छ आमपानी झरना । उक्त झरना पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको छ । मोहन्याल गाउँपालिका–७ मा पर्ने बर्गदा सामुदायिक वनभित्रको यो झरना व्यवस्थित रूपमा निर्माण भई सञ्चालनमा आएपछि पर्यटकको रोजाइमा पर्न थालेको हो।



आमपानी क्षेत्र यसअघि पनि गर्मी छल्न स्थानीय र वरपरका जिल्लाका बासिन्दाका लागि रमणीयस्थलका रूपमा परिचित थियो । कोरोनाको समयमा यो क्षेत्र अझ बढी चर्चामा आएको थियो । कोरोना महामारीको समयमा आवतजावत सीमित हुँदा पनि यहाँ आन्तरिक पर्यटकको चाप बाक्लो देखिन्थ्यो । बर्गदा सामुदायिक वनका कार्यालय सचिव ध्वजबहादुर शाही भने 'यो ठाउँ पहिले पनि प्रकृतिप्रेमीका लागि लोकप्रिय थियो, झरना निर्माणपछि भने आन्तरिक पर्यटकको सङ्ख्या झनै बढेको छ।'

सुदूरपश्चिम प्रदेश सरकारको पर्यटन प्रवद्र्धन कार्यक्रमअन्तर्गत झरनाको पूर्वाधार निर्माणका लागि ४० लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो । राजमार्गदेखि नजिकै शान्त वातावरणमा रहेकाले पनि क्षेत्रको दिगो व्यवस्थापन गरी पर्यापर्यटन विकास गर्ने उद्देश्यले झरना निर्माण गरिएको प्रदेश पर्यटन कार्यक्रम कार्यान्वयन इकाइ प्रमुख डबलबहादुर बोहोराले बताए।

झरना निर्माण हुनुभन्दा पहिले पनि यहाँ शौचालय र पिकनिक स्थल बनाइएको उनले जानकारी दिए ।'पहिले पनि यहाँको विकास लागि हामी थोरै भए पनि लगानी गरहेका थियौँ, हाल ४० लाख रुपैयाँ खर्चेर झरनाको व्यवस्थापन गरेका छौँ । अब यसको विकासले सामुदायिक वनलाई विश्वास छ । अब यसको संरक्षण र सदुपयोग गर्न जरुरी छ', इकाइ प्रमुख बोहोराले भने।

सामुदायिक वनमा रहेको खोलामा झरना निर्माण कार्यका लागि सामुदायिक वनकै अध्यक्ष केशबहादुर रावलको अध्यक्षतामा निर्माण समिति बनाइएको थियो। झरना क्षेत्रमा नुहाउन र पिकनिक गर्न मिल्ने पूर्वाधार विकासका साथै खोलाको व्यवस्थापन गरी झरनामा निरन्तर पानी आपूर्ति हुने व्यवस्था मिलाइएको छ । झरनाको पानी सञ्चित गर्न ट्याङ्की, नुहाउने ठाउँ, फोहोरा, कपडा फेर्ने कोठा, शौचालय र पदमार्ग बनाइएको इकाइ प्रमुख बोहराले जानकारी दिए । झरनाको हेरचाह, सुरक्षा र व्यवस्थापन सामुदायिक वनले गर्दै आएको छ।

सामुदायिक वनका सचिव शाहीका अनुसार हाल झरना क्षेत्रमा शनिबार र सार्वजनिक बिदामा ५०० भन्दा बढी आन्तरिक पर्यटक पुग्ने गरेका छन्।

अन्य दिनमा दैनिक १०० भन्दा बढी पर्यटक पुग्ने गरेका छन् । कैलाली, बर्दिया, सुर्खेतलगायत छिमेकी भारतसम्मका पर्यटकहरू पनि यहाँ पुग्ने गरेको शाहीले बताए।

झरना निर्माणपछि पर्यटकहरुको सङ्ख्या बढे पनि समस्या पनि बढेको उनको भनाइ छ । 'आमपानी क्षेत्रमा पहिलेदेखि नै सरसफाइको समस्या थियो । झरना निर्माणपछि पर्यटक बढिरहेका छन् । कतिपय पर्यटकले सिसाको बोतल, प्लास्टिकका बोतललगायत फोहर जताततै फालिदिने गरेकाले थप समस्या भएको छ। फोहर फाल्नका लागि बनाइएका डस्टबिन पनि राखेका थियौँ, तिनको प्रयोगमा पनि बेवास्ता भइरहेको छ', सचिव शाहीले गुनासो गरे।

अब सामुदायिक वनले सो क्षेत्रलाई व्यवस्थित गर्ने र फोहर व्यवस्थापनका लागि टिकट प्रणाली लागू गरिने जनाइएको छ । 'चाँडै नै गाउँपालिकालगायत सरोकार भएकाहरूसँग छलफल गरी न्यूनतम शुल्कमा टिकटको व्यवस्था गर्नेछौँ । यसले आम्दानीका साथै पर्यटकको सुरक्षा र जवाफदेहिताका लागि पनि सहयोग पुग्नेछ', सचिव शाहीले भने।

झरना सञ्चालनबाट उठेको आम्दानी सामुदायिक वनको कोषमा जाने हुँदा त्यसले वन संरक्षण, नयाँ पूर्वाधार निर्माण र स्थानीय रोजगारी सिर्जनामा योगदान पु¥याउने अपेक्षा गरिएको छ । छोटो घुमघाम गन्तव्य खोज्नेहरूका लागि आमपानी झरना नयाँ आशा बनेको स्थानीयको भनाइ छ । रासस

# बाउन्न हेक्टरमा सिँचाइ सुविधा विस्तार



**म्याग्दी।**
यहाँस्थित खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरेका आयोजनामार्फत ५२ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ।

साथै ७० हेक्टर जमिनमा सिँचाइ सुविधाको स्तरोन्नति भएको डिभिजनले जनाएको छ । छ किलोमिटर पक्की नहर, छ दशमलव ११ किलोमिटर पाइपलाइन विस्तार, पाँच वटा बाँध र ४७ वटा सिँचाइका संरचना निर्माण गरेर सिँचाइ सुविधा विस्तार र स्तरोन्नति भएको डिभिजन प्रमुख झलकमोहन ओझाले बताए।

सिँचाइतर्फ २२ वटा योजनाका लागि चार करोड ८३ लाख ४० हजार रुपैयाँ बजेट विनियोजन भएकामा २१ वटा योजना कार्यान्वयन भएका छन्।

सिँचाइमा विनियोजन भएको मध्य ९१ दशमलव ३१ प्रतिशत अथवा रु चार करोड ४१ लाख ४० हजार खर्च भएको छ।

यसैगरी, नदी नियन्त्रण योजनाबाट बाढी र कटानको जोखिममा रहेका छ स्थानमा ४० मिटर पक्की पर्खाल, २५० मिटर 'ग्याबियन' पर्खाल निर्माण भएको छ । रघुगङ्गा–१ बेगमा बेगमा पनि ग्याबियन निर्माण गरेर पहिरो रोकथामको प्रयास भएको छ।

नदी तथा पहिरो नियन्त्रण योजनाबाट ११० परिवार लाभान्वित र दुई दशमलव पाँच हेक्टर जमिन उकास भएको छ । नदी नियन्त्रण योजनाका लागि एक करोड ५० लाख ५० हजार रुपैयाँ विनियोजन भएकामा एक करोड ४७ लाख ६९ हजार रुपैयाँ खर्च भएको प्रमुख ओझाले जानकारी दिए।रासस

# गहुँ र धानको बीउ उत्पादन गर्ने किसानलाई प्रोत्साहन रकम



**चितवन ।**
जिल्लाका एक हजार २५३ किसानले बीउ उत्पादन गरेबापत प्रोत्साहन रकम प्राप्त गरेका छन्। कृषि बिकास कार्यालय चितवनले जिल्लाका ९ कृषक फर्ममा आबद्ध ती किसानहरुलाई बीउ उत्पादन गरेबापत रु १ करोड ४७ लाख ८० हजार ३५० बितरण गरेको हो।

कार्यालयका कृषि अधिकृत उमराज अर्यालका अनुसार किसानहरुले १ हजार १ सय रुपैयाँ देखि १ लाख ४३ हजार रुपैयाँ सम्म प्रोत्साहन रकम पाएका छन् । उनीहरुलाई उत्पादन र क्षेत्रफलका आधारमा प्रोत्साहन रहकम बितरण गरिएको हो । उनले भने 'स्रोत बीउमा प्रति हेक्टर २० हजार रुपैयाँ र उन्नत बीउमा प्रति हेक्टर १५ हजार रुपैयाँका दरले प्रोत्साहान रकम बितरण गरिएको हो ।' गहुँ र धानको उत्पादनमा किसानहरुले प्रोत्साहन रकम पाएका हुन।

कतिपय किसानहरुको भने जग्गा धनी पूर्जा तथा कागजात नमिलेका कारण प्रोत्साहन रकम पाउनबाट वन्चीत भएको उनले बताए।

उनका अनुसार ९६१ दशमलब ८३ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन गर्ने ती किसानले प्रोत्साहन रकम प्राप्त गरेका हुन। कृषि विकास कार्यालय चितवनले 'बीउ बिजन आत्मनिर्भर कार्यक्रम' अन्तर्गत भरतपुर महानगरपालिका र माडी नगरपालिकाका बीउ उत्पादन गर्ने किसानलाई प्रोत्साहन रकम बितरण गरिएको हो । कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेलले असारको अन्त्यमा प्रदान गरिएको रकम किसानका लागि खेतीयोग्य समयमा राहत बन्ने बताए । आगामी दिनमा थप किसान लक्षित कार्यक्रम सञ्चालन गरिने उनको भनाई छ । किसानहरूलाई जग्गासम्बन्धी कागजात व्यवस्थित गर्न समेत उनले आग्रह गरे।रासस

# आर्थिक वर्षको पहिलो दिन नेप्से ७५.८४ अंकले बढयो, साढे १६ अर्बभन्दा बढीको कारोबार

**काठमाडौं ।**
नयाँ आर्थिक वर्ष २०८२/८३ को पहिलो दिन नेप्से परिसुचक ७५.८४ अंकले बढेर १६ अर्बभन्दा बढीको कारोबार भएको छ ।

आज नेप्से परिसुचक २८७०.६३ अंकमा पुगेर रोकिएको हो । यस अघि गत आवको अन्तिम दिन नेप्से परिसुचक २७९४.७८ अंकमा पुगेर रोकिएको थियो ।

यस दिन कुल ३११ स्टकको १६ अर्ब ५९ करोड २१ लाख ५ हजार ४५५ रुपैयाँ बराबरको ३ करोड ८६ लाख ३४ हजार ३५० कित्ता शेयर कारोबार भएको छ । अघिल्लो कारोबार दिन १४ अर्ब ३ करोड ४८ लाख ३९ हजार ८८० रुपैयाँ बराबरको ४ करोड ३१ लाख ११ हजार ४१६ कित्ता शेयर कारोबार भएको थियो ।

आज सेन्सेटिभ इन्डेकस ११.२२ अंकले बढेको छ । फ्लोट इण्डेक्स ५.०६ अंकले बढेको छ भने सेन्सेटिभ फ्लोट इण्डेक्स भने ३.७९ अंकले बढेको छ ।

यस दिन ट्रेड टावर लिमिटेड, शुभम पावर लिमिटेड, थ्रि स्टार हाइड्रोपावर, स्ल्टन हाइड्रोपावर र बाराहि हाइड्रोपावरको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । यससँगै ट्रेड टावर कम्पनीको मूल्य ३६.६० रुपैयाँले बढेर ४०२.७० रुपैयाँमा अन्तिम कारोबार भएको छ ।

शुभम पावर लिमिटेडको शेयर मूल्य प्रतिकित्ता ८३.१४ रुपैयाँले वृद्धि भएर ९१५.४० रुपैयाँमा अन्तिम कारोबार भएको छ । थ्रि स्टार हाइड्रोपावरको शेयर मूल्य पनि प्रतिकित्ता ७३.१० रुपैयाँले बढेर ८०४.८० रुपैयाँमा अन्तिम कारोबार भएको छ । त्यसैगरी, स्ल्टन हाइड्रोपावरको शेयर मूल्य प्रतिकित्ता ५७.११ रुपैयाँले बढेर ६३३.७२ रुपैयाँमा अन्तिम कारोबार भएको छ र बाराही हाइड्रोपावरको शेयर मूल्य पनि ६९.२९ रुपैयाँले बढेर ८३८.९८ रुपैयाँमा अन्तिम कारोबार भएको छ ।

यसदिन एनआईबीएल स्टेबल फण्डको शेयर मूल्य सबैभन्दा धेरै प्रतिकित्ता ०.७५ रुपैयाँले घटेर ९.१४ रुपैयाँमा अन्तिम कारोबार भएको छ । यसैगरी, एनआइसी एशिया फिलीक्स क्यापिटल फण्डको शेयर मूल्य ०.६३ रुपैयाँले घटेर ९.५२ रुपैयाँमा अन्तिम कारोबार भएको छ ।

यसदिन नेपाल रिइन्स्योरेन्स कम्पनी, बुटवल पावर कम्पनी, सानीमा माइ हाइड्रो पावर, राधी जलविद्युत र नाग्दी ग्रुप पावर लिमिटेडको शेयर सबैभन्दा धेरै कारोबार भएको छ ।

# इजरायलद्वारा सिरियाली राष्ट्रपति दरबार क्षेत्रमा आक्रमण

**काठमाडौं।**
इजरायली युद्धक विमानहरूले बुधबार दक्षिणी सिरियाभरि आफ्नो हवाई आक्रमण अभियान तीव्र पारेका छन् । सोहि क्रममा इजरायली सेनाले सिरियाली सेनाको जनरल कमान्ड मुख्यालय र मध्य दमास्कसमा रहेको राष्ट्रपति दरबार क्षेत्रमा आक्रमण गरेको हो।

सिरियाली स्वास्थ्य अधिकारीहरूका अनुसार दमास्कसमा भएको आक्रमणमापरी कम्तिमा तीन जना नागरिकको मृत्यु भएको छ भने अन्य ३४ जना घाइते भएका छन् । चाइना सेन्ट्रल टेलिभिजन (सीसीटिभि) का रिपोर्टर रान्ड शुक्रीले आक्रमणपछिको दृश्यको अभिलेख राख्दै सैन्य मुख्यालयबाट निस्केको धुवाँको भिडियो कैद गरेका छन्।

"हामी अहिले दमास्कसको उम्मेयाद स्क्वायरमा छौं । मेरो पछाडि सिरियाली सेनाको जनरल कमान्ड र रक्षा मन्त्रालयका भवनहरू छन्।

जुन इजरायली युद्धक विमानहरूले प्रहार गरेका थिए । तपाईंले देख्न सक्नुहुन्छ, उम्मेयाद स्क्वायरमा ट्राफिक सामान्य भन्दा धेरै हल्का छ, किनकि सुरक्षा बलहरूले बिस्तारै सडकहरू अवरुद्ध गरिरहेका छन्," रान्ड शुक्रीले भने।

इजरायली रक्षा बल (आइडिएफ) ले त्यस दिन एक विज्ञप्ति जारी गर्दै दमास्कसमा सिरियाली शासनको सैन्य केन्द्रहरूमा आक्रमण सुरु गरेको पुष्टि ग¥यो । विज्ञप्तिमा उल्लेख गरिएको छ कि दिउँसो, आइडिएफले दमास्कसको सैन्य मुख्यालय र राष्ट्रपति दरबार नजिकैको एक सैन्य लक्ष्यमा हवाई आक्रमण गरेको थियो।

आईडीएफले यो पनि भन्यो कि सिरियाली शासनले दक्षिणी सिरियाको स्वेइदा क्षेत्रमा अपरेशन कमान्ड गर्न र सेना तैनाथ गर्न मुख्यालय प्रयोग ग¥यो।

चाइना ग्लोबल टेलिभिजन नेटवर्क (सीजीटिएन) का रिपोर्टर हैदर काजविनीले भने,"मेरो पछाडि सिरियाली रक्षा मन्त्रालयको भवन छ । आज इजरायली वायु सेनाले लगभगे तीन पटक प्रहार गरेको थियो । तीन दिन अघि सुरु भएको स्वेइदा शहरमा ड्रुज लडाकुहरू र सिरियाली सेना बीचको झडप पछि हामीले भवनबाट एम्बुलेन्सहरू भित्र र बाहिर निस्किरहेको सुन्यौं । त्यो हमला पछि धुवाँको धेरै ठूलो मुस्लो देखियो।

इजरायलीहरूले गरेको पछिल्लो दुई हमलाका कारण भएको विस्फोटको आवाज पहिलो भन्दा ठूलो छ । अब हामी देख्न सक्छौं कि दमास्कस शहरका मानिसहरूमा डर र चिन्ताको अवस्था फैलिएको छ। सडकहरू अब अलि खाली हुन थालेका छन किनकि मानिसहरू भाग्न खोजिरहेका छन। त्यो अवस्था र हमला जारी रहन सक्छ भन्ने डरले," काजविनीले भने।

सिरियाको ड्रुज समुदायको केन्द्रबिन्दु स्वेइडामा सिरियाली सरकारी सेना र सशस्त्र ड्रुज समूहहरू बीचको युद्धविराम भङ्ग भएपछि यी हमलाहरू भएका हुन्।
सीसीटिभि

# राजस्व संकलन १ खर्ब २० अर्बले वृद्धि

**काठमाडौं ।**
यसवर्ष राजस्व संकलन १ खर्ब २० अर्ब रुपैयाँले वृद्धिभएको छ । अर्थ मन्त्रालयकाअनुसार गतवर्ष भन्दायसवर्ष १ खर्ब २० अर्ब रुपैयाँले राजस्वमा वृद्धि भएको हो । गत वर्षको तुलनामा यो वृद्धि ११.३३ प्रतिशतले धेरै हो ।

गत आर्थिक वर्ष (आव) २०८१/०८२ मा ११ खर्ब ७८ अर्ब ८२ करोड रुपैयाँ राजस्व संकलन भएको छ ।त्यस अघि आव२०८०/०८१ मा १० खर्ब ५८ अर्ब रुपैयाँ राजस्व संकलन भएको थियो । सरकारले आव २०८१/०८२ मा १४ खर्ब १९ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको भए पनि वार्षिक समीक्षामा संशोधन गरी १२ खर्ब ८६ अर्ब रुपैयाँको लक्ष्य तय गरिएको थियो । संशोधित लक्ष्य अनुसार ९१.६० प्रतिशत राजस्व संकलन भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका राजस्व महाशाखा प्रमुख उत्तरकुमार खत्रीले विपद, अन्तर्राष्ट्रिय परिस्थितिले गर्दा चुनौतीहरु हुँदाहुँदै पनि अघिल्लो आवको तुलनामा उत्साह जनक रुपमा राजस्व संकलन भएको बताए । उनले भने,'तयारी सुरु गरिसकेका छौं । चालू आवमा राजस्व संकलनको लक्ष्य पूरा गर्ने गरी अघि बढ्ने छौं ।'

चालू आव मा १३ खर्ब १५ अर्ब रुपैयाँ राजस्व संकलनको लक्ष्य छ । आव २०७१/०७२ मा ४ खर्ब ५ अर्ब, २०७२/०७३ मा ४ खर्ब ८१ अर्ब, २०७३/०७४ मा ६ खर्ब ९ अर्ब, २०७४/०७५ मा ७ खर्ब २६ अर्ब, २०७५/०७६ मा ८ खर्ब २९ अर्ब रुपैयाँ राजस्व संकलन भएको थियो ।

त्यसैगरी २०७६/०७७मा ७ खर्ब ९३ अर्ब, २०७७/०७८ मा ९ खर्ब ३५ अर्ब, २०७८/०७९ मा १० खर्ब ६६ अर्ब, २०७९/०८० मा ९ खर्ब ५७ अर्ब र२०८०/०८१ मा १० खर्ब ५८ अर्ब रुपैयाँ संकलन भएको थियो ।

# आव २०८०/८१ को भन्दा गत आवमा चार अर्ब बढी राजस्व सङ्कलन

**चितवन।**
आन्तरिक राजस्व कार्यालय भरतपुरले आर्थिक वर्ष २०८०/८१ को भन्दा आव २०८१/८२ मा चार अर्ब ५२ करोड २५ लाख रुपैयाँ बढी राजस्व सङ्कलन गरेको छ । अघिल्लो आवमा २० अर्ब ५६ करोड ७८ लाख ५७ हजार रुपैयाँ राजस्व सङ्कलन भएकामा गत आवमा २५ अर्ब नौ करोड सात लाख ३२ हजार रुपैयाँ सङ्कलन भएको हो।

कार्यालयका सूचना अधिकारी विमल पौडेलका अनुसार गत आर्थिक वर्षमा लक्ष्यको ९४ दशमलव ८९ प्रतिशत राजस्व सङ्कलन भएको छ। अघिल्लो आवमा लक्ष्यको ७३ दशमलव ६४ प्रतिशत मात्रै सङ्कलन भएको थियो । आव २०७९÷८० मा लक्ष्यको ७७ दशमलव ९४ प्रतिशत राजस्व संकलन भएको उनले जानकारी दिए।

कार्यालयले गत आर्थिक वर्षमा सुरुवाती समयदेखि साना तथा ठूला सबै करदाताको विवरण अध्ययन गरी आवश्यक राजस्व सङ्कलनमा जोड दिएको जनाएको छ । कार्यालयका प्रमुख पुण्यविक्रम खड्काले कर नतिर्ने करदातालाई घरघरमा पत्राचार गरेर करसङ्कलन अभियानलाई तीव्रता दिइएको बताए । कार्यालयले करदातालाई टेलिफोन गरेर कार्यालयमा बोलाई राजस्व तिर्न प्रोत्साहन गरेको थियो। उद्योग वाणिज्यसँग सम्बन्धित सङ्घसंस्थासँग सहकार्य गरेर करशिक्षा कार्यक्रमसमेत आयोजना गरिएको उनको भनाइ छ।

कर नतिर्ने करदातालाई कालोसूचीमा राख्ने काम गरिएको बताउँदै प्रमुख खड्काले कोभिडपछि कार्यालयले आव २०८१/८२ मा सबैभन्दा बढी राजस्व सङ्कलन भएको जानकारी दिए । सूचना अधिकारी पौडेलले निरन्तर मिहिनेत गरेकाले राजस्व बढाउन सकिएको बताउँदै लक्ष्यमा पुग्न अझै नसकिएको उल्लेख गरे । रासस

# काठमाडौँमा बढ्यो डेङ्गीको जोखिम

**काठमाडौँ ।**
नियमित पानी परेकाले डेङ्गी सङ्क्रमणको जोखिम बढेको भन्दै काठमाडौँ महानगरपालिकाले सचेत रहन आग्रह गरेको छ ।
विगत एक महिनादेखि नियमितजसो पानी परिरहेकाले 'एडिज' जातिका पोथी लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गीको सङ्क्रमणको जोखिम पनि बढेको भन्दै सचेत रहन आग्रह गरिएको महानगरको महामारी रोग रोकथाम तथा नियन्त्रणका लागि स्रोत व्यक्ति ऋषि भुषालले जानकारी दिए । डेङ्गीबाट कोही सङ्क्रमित भएमा वडामा रहेको स्वास्थ्य प्रवद्र्धन केन्द्रमार्फत सिटामोल र जीवनजललगायत औषधि सहज उपलब्ध गराउन कामपाले सम्पूर्ण तयारी गरिसकेको पनि भुषालले जानकारी दिए ।
जल तथा मौसम विज्ञान विभागले यस वर्षको वर्षायाममा विगतका वर्षमा भन्दा बढी पानी पर्ने भनेपछि डेङ्गीको जोखिम झन बढ्ने महानगरले जनाएको छ । सहरी स्वास्थ्य प्रवद्र्धन केन्द्र क्लिनिकमा कार्यरत स्वास्थयकर्मी, स्वास्थ्य स्वयंसेविका, सरसफाइमा काम गर्ने सरसफाइकर्र्मीले आ–आफ्नो टोलटोलमा पानी जमेको स्थानको सरसफाइसमेत गरिरहेका छन् ।
डेङ्गी रोग नियन्त्रण गर्नका लागि सामुदायिक विद्यालयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । महानगरका ३२ वटै वडामा रहेका सामुदायिक विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो ।
डेङ्गी सङ्क्रमण भएपछि बिरामीलाई ज्वरो आउने, आँखा रातो हुने र टाउको, पेट, जोर्नी मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता लक्षण देखा पर्दछन् । टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेसी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुने, शरीरमा रगत जमेको दाग देखापर्नेलगायत लक्षण रहेको भुषालले जानकारी दिनुभयो । एडिज जातको लामखुट्टेले बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकाले सो समयमा थप सचेत हुनुपर्ने छ ।
डेङ्गीबाट बच्न घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाउँमा पानी जम्न नदिने, पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरी छोपेर राख्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, बिहान, दिउँसो, राति जुनसुकै बेला झूल लगाएर मात्र सुत्ने, पूरै शरीर ढाक्ने लुगा लगाउने, काम नलाग्ने र पानी भरिनसक्ने सामान जस्तै बोतल, टायर, प्लाष्टिकका वस्तु पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएको प्लेट राम्ररी सफा गर्नेलगायत उपाय अपनाउन महानगरको आग्रह छ ।रासस

# पश्चिम नवलपरासीमा लम्पीस्किन सङ्क्रमण फैलिँदै



**नवलपरासी ।**
बर्दघाट सुस्ता पश्चिम नवलपरासीमा ३४ पशुचौपायामा लम्पीस्किनको सङ्क्रमण देखिएको छ । पछिल्लो समय खोप नलगाएका पशुमा सङ्क्रमण देखिन थालेकामे हो ।
खोप नलगाएका पाडापाडी, बाच्छाबाच्छीमा लम्पीस्किनको सङ्क्रमण देखा परेकाले सङ्क्रमण फैलिने जोखिम बढेको नवलपरासी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कार्यालय प्रमुख श्रावणकुमार चौधरीले बताए । उनका अनुसार सुनवल, बर्दघाट, सुस्ता, प्रतापपुर र रामग्राममा लम्पीस्किन फैलिएको हो ।
सङ्क्रमणग्रस्त क्षेत्रमा नियमित उपचार र निरीक्षण भइरहेको पशु सेवा विज्ञ केन्द्रका डा विभूति सिंह जानकारी दिए । यो रोगका कारण मर्ने पशुको सङ्ख्या कम भए पनि दूध उत्पादनमा घटेपछि किसान चिन्तित बनेका उनको भनाइ छ ।
लम्पीस्किनको सङ्क्रमण पछिल्लो समय मुलुकभर देखा परेको बताउँदै उनले नवलपरासीमा गत असारदेखि लम्पीस्किनको सङ्क्रमण देखा पर्न थालेको जानकारी दिए ।
उनका अनुसार पहिलो पटक बर्दघाटमा देखिएको लम्पीस्किनको सङ्क्रमण अहिले जिल्लाका पाँच वटै स्थानीय तहमा फैलिएको छ ।
'लम्पीस्किन लागेका गाईभैँसीमा ज्वरो आउने र दानापानी कम खाने, दूध उत्पादन घट्ने, खुट्टा तथा जोर्नी सुनिने, नाक, मुख वरपर घाउ हुने, छालामा सानो गोलो गिर्खा देखिन सक्ने र गिर्खा फुटेर घाउ बनेमा औँसा पर्नसक्ने हुन्छ', प्रमुख डा चौधरीले भने ।
विसं २०७७ असार १० गते मोरङको सुन्दरहरैचा नगरपालिका–११ का गाईमा लम्पीस्किनको लक्षण देखा परेको थियो । केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वरमा 'मलिकुलर' विधिबाट परीक्षण गर्दा २०७७ साउन १२ गते लम्पीस्किन पुष्टि भएको हो ।
केन्द्रीय रिफरल पशु चिकित्सालय त्रिपुरेश्वरको तथ्याङ्क अनुसार ७६ जिल्लामा लम्पीस्किन फैलिएको छ भने यस रोगबाट पाँच लाख ५५ हजार पशु सङ्क्रमित भएका छन् तीमध्ये २१ हजार पशुको मृत्यु भएको छ ।रासस

# धार्मिक पर्यटन प्रवर्द्धन गर्न कालीगण्डकी किनारमा पैदलमार्ग निर्माण



**पाल्पा ।**
धार्मिक पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले रामपुर नगरपालिकाले कालीगण्डकी किनारमा पैदल मार्ग निर्माण गरेको छ ।
आर्थिक वर्ष २०८१/०८२ मा दुई हजार ५६७ मिटर पैदलमार्ग निर्माण गरिएको नगर प्रमुख रमणबहादुर थापाले जानकारी दिए । धार्मिक, सांस्कृतिक र पर्यावरणीय महत्वलाई उजागर गर्नका लागि रामनदीधामदेखि देवघाटसम्मको पैदलमार्गअन्तर्गत रामपुर नगरपालिकामा ३४ किलोमिटर लामो पैदलमार्ग निर्माण थालिएको नगर प्रमुख थापाले बताए ।
'यस मार्गमा ढुङ्गा छाप्ने र 'इन्टरलक' लगाउने काम भइरहेको छ, नदी किनारको प्राकृतिक सौन्दर्य र धार्मिकस्थलको पहुँचलाई सहज बनाउँदै स्थानीय पर्यटन र अर्थतन्त्रमा योगदान पु¥याउनेछ', नगर प्रमुख थापाले भने ।
यस मार्गमा आव ०८१/०८२ मा विभिन्न स्थानमा दुई मिटर चौडाइको इन्टरलक राखेर ढुङ्गा छाप्ने काम सम्पन्न भएको छ । वडा नं ३ स्थित केलादीमा ५५७ मिटर, ६ को ज्याग्दीपार्कमा १९१ मिटर, तिलकपुरमा ४३२ मिटर इन्टरलक, सुन्दर फनपार्कमा १९५ मिटर इन्टरलक, ८ स्थित भुजात क्षेत्रमा ६७८ मिटर ढुङ्गा छाप्ने र २१० मिटर इन्टरलक, १० को शालिकराम पार्कमा ११४ मिटर ढुङ्गा छाप्ने र नरमदेश्वर मन्दिरमा १९० मिटर इन्टरलक राख्ने र ढुङ्गा छाप्ने काम भएको छ ।
यसैगरी, वडा भानघाट र तातोपानीघाटमा प्रतीक्षालय निर्माण गरिएको छ । यो परियोजना सङ्घीय सरकार र रामपुर नगरपालिकाको समन्वयमा सञ्चालन भएको हो । धार्मिक महत्वको कालीगण्डकी नदी रामनदीधाम, केलादीधाम, रामघाटधाम, रिडीधाम, देवघाटसँग जोडिएकाले पैदलमार्ग निर्माणबाट यो क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने स्थानीयको विश्वास छ ।रासस

# विपी राजमार्गः साउनभर राति १२ घण्टा बन्द

**काभ्रेपलाञ्चोक ।**
विपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक–खण्डमा आजदेखि एक महिनासम्म राति १२ घण्टा यातायात सञ्चालनमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय धुलिखेलले उक्त राजमार्गअन्तर्गत जिल्लाको काभ्रेभञ्ज्याङदेखि सिन्धुली–सीमा नेपालथोकसम्म एक महिनाका लागि रोक लगाइएको जनाएको छ ।
कार्यालयले सार्वजनिक अपील गर्दै मनसुन सक्रिय रहेको अवस्थामा विपी राजमार्गमा बाढीपहिरोको सम्भावित जोखिम रहेकाले विपद्जन्य घटना हुनसक्ने भएकाले जोखिम न्यूनीकरणका लागि राजमार्गको उल्लेखित क्षेत्रमा आजदेखि साँझ ५ बजेदेखि विहान ५ बजेसम्म एक महिनाका लागि यातायात सञ्चालनमा रोक लगाएको जनाएको हो । काठमाडौँबाट जाने सवारीलाई जिल्लाको काभ्रेभञ्ज्याङ र काठमाडौँतर्फ आउने सवारीलाई सिन्धुलीको सिमाना नेपालथोकमै रोकिने प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए ।
उनका अनुसार मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै यसअघि काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको बैठकले गत असार ७ गतेदेखि विपी राजमार्गमा साँझ ६:३० बजेदेखि विहान ५ बजेसम्म करिब दश घण्टा १५ दिन तथा थप असार मसान्तसम्म सोही समयमा सडक सञ्चालनमा रोक लगाइएको थियो । यस अवधिमा काठमाडौँबाट जाने सवारीलाई काभ्रेपको काभ्रेभञ्ज्याङ र काठमाडौँतर्फ आउने सवारीलाई सिन्धुलीको खुर्कोटमा रोकिएको थियो ।
बितेका एक हप्ताको समयमा बाढीपहिरोले करिब चार पटक उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक–खण्डमा सडक अबरुद्ध भइसकेको छ । गतसाल असोजको बाढीपहिरोले विपी राजमार्गअन्तर्गत काभ्रेको चौकीडाँडादेखि सिन्धुलीको वर्षेखोलासम्मको आठ किलोमिटर सडकखण्डमा सडकनै बगाएका कारण खोलामा कतै एक्तर्फ, कतै दुईतर्फी यातायात सञ्चालन हुनेगरी अस्थायी सडक सञ्चालनमा ल्याइएको छ ।
बाढीपहिरोले राजमार्गको कुल १६० किमीमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किमी र चौँथोखण्ड नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किमी गरी ८४ किमी सडकको विभिन्न स्थानमा बढी क्षति पु¥याएको थियो । कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामासमेत अघि बढाइरहेको छ । पूर्वीनेपाल जोड्ने छोटो दुरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौँ यातायातका साधन आवतजावत हुने गर्छ । रासस

# देवघाटमा साउने मेला, भक्तजनको भीड



**चितवन ।**
देवघाटधाममा आजदेखि साउने मेला सुरु भएको छ । मेला भर्न बिहानैदेखि भक्तजनको भीड लागेको छ । आजैदेखि बोलबम मेला पनि प्रारम्भ भएको छ ।
भक्तहरू देवघाटमा स्नान गरी शिवालयमा जल चढाउने तथा शिवको आराधना गर्ने गर्छन् । साउन महिनालाई शिवको प्रिय महिना मानिन्छ ।
देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालका अनुसार साउनमा करिब पाँच लाख भक्तजन मेला भर्न आउने अनुमान गरिएको छ । सोमबार अधिक भक्तजन आउने अपेक्षा छ । भक्तजनको भीडलाई मध्यनजर गर्दै स्थानीय प्रशासनको समन्वयमा सुरक्षा व्यवस्था मिलाइएको उनले बताए । साउन महिनामा स्नान गरी व्रत बसेर देवघाटको जल र बेलपत्रले शिवको पूजाआराधना गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वास छ । रासस

# पानी पर्दा किसानलाई राहत महसुस

**सुनसरी ।**
असार अन्तिमदेखि पानी पर्न थालेपछि यहाँका किसानले राहत महसुस गरेका छन् । धान रोपाईं गर्ने बेला घर्किनै लाग्दा समेत पानी नपरेपछि भोक्राहा नरसिंह गाउँपालिका–४ का सुरेन्द्र उराँवले बोरिङ गरेको पानी तानेर धान रोपेका थिए ।
पानी नपरेपछि रोपिसकेका धानको रोपो समेत सुकेर चिरा परेको थियो । तीन दिनदेखिको वर्षाका कारण थोरै भए पनि राहत महसुस भएको उराँवले बताए । समयमै वर्षा नहुँदा यहाँका किसानले राखेको धानको ब्याड र रोपोसमेत सुक्न थालेको बेला परेको पानीले धानखेती गर्ने किसानलाई राहत मिलेको स्थानीय विनोद मेहताले बताए ।
गत सोमबारदेखि बुधबारसम्म लगातार बर्षा भएपछि धान रोपाइँ गर्न सहज भएको उनको भनाइ छ । आकाशे पानीको भरमा खेती गर्दै आएका भोक्राहा, कोसी, हरिनगर, देवानगन्ज इनरुवालगायतका क्षेत्रका कृषकले रोपेको धानको रोपो फेरी हरियो फर्किन थालेको स्थानीय सञ्जय मेहताले बताए । आकाशे पानीको भरमा रहेका किसानलाई यही अवस्था रहिरहेमा धानबाली गुम्ने खतरा थियो ।जिल्लामा हाल ४८ हजार ९०० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुँदै आएको कृषि ज्ञान केन्द्र सुनसरीका प्रमुख निलकमल सिंहले जानकारी दिए ।रासस

# लोप हुँदै साउने सङ्क्रान्तिमा लुतो फाल्ने संस्कृति

**बागलुङ ।**
यहाँका छन्त्याल तथा मगर समुदायले हरेक वर्ष साउने सङ्क्रान्ति भव्य रूपमा मनाउने गर्छन् । इष्टमित्र र चेलीबेटी जम्मा भएर दुःख सुख साट्ने पर्वका रूपमा साउने सङ्क्रान्तिलाई लिने गरिन्छ । तर पछिल्लो समय बिस्तारै लुतो फाल्ने संस्कृति हराउँदै गएको छ ।
आधुनिक प्रविधिको विकास र पश्चिमा संस्कृतिको प्रभावसँगै पुराना संस्कृति लोप हुन थालेको बुढापाका बताउँछन् । बिहानदेखि साँझसम्म टाढिएका आफन्त जम्मा भएर मिठामिठा परिकार खाने, दुःख–सुख साटासाट गर्ने र साँझ घर–घरमा लुतो फाल्ने चलन कम भएको निसीखोला गाउँपालिका–६ का ७८ वर्षीय तिलबहादुर बुढा मगरले बताए । गाउँमा हाल पाँच÷सात जना मात्रै पाका पुस्ता रहेकाले उनिहरु रहँदासम्म मात्र परम्परा जिवित हुने अवस्था रहेको बुढा मगरको चिन्ता छ । 'हामीले चाडबाड भन्दा प्रविधिलाई बढी महत्व दिन थालेका छौँ, हाम्रो बाउबाजेदेखिको पुराना चलनहरु पहिलेको तुलनामा अभ्यासमा अहिले निकै घटेको छ,' बुढा मगरले भने, 'लुतो फाल्दा किरा फट्याङ्ग्राले बालीनाली नष्ट गर्दैन, शरीरमा रोग लाग्दैन भन्ने मान्यता छ ।'
साउने सङ्क्रान्तिको साँझ कुरिलो, लुतेझार, पानीसरो, कागभलायो, कुकुरडाइनो, रातपातेलगायत औषधीय गुण बोकेका वनस्पतिका र कागती, अमिलो बेलौतीलगायतका फलफूलसहित कण्डारक नामक राक्षसको पूजा गरी घरको चारैतिर बलिरहेको अगुल्टो फाल्ने गरिए पनि उक्त चलन हराएको तमानखोला गाउँपालिका–३ का पूर्णबहादुर घर्ती मगरले बताए ।
लुतो फाल्दा नाङ्लो ठटाउने, डम्फू बजाउने, घण्ट बजाउने, ढिँकी कुट्ने र एकछिन घरको ढोका बन्द गर्ने चलन छ । यसरी लुतो फाल्दा रोगव्याधी नलाग्ने, बालीनाली राम्रो हुने र पशुचौपायालाई राम्रो हुने जनविश्वास रहेको घर्ती मगरको भनाइ छ ।रासस

# टीकापुरमा प्लाष्टिकका झोला प्रयोगमा प्रतिबन्ध

**टीकापुर ।**
टीकापुर नगरपालिकाले प्लाष्टिकका झोला प्रयोगलमा प्रतिबन्ध लगाएको छ । पालिकाले आजदेखि लागु हुनेगरी त्यस्तो व्यवस्था गरेको हो ।
नगर प्रमुख रामलाल थारुले दुई महिनाअघिदेखि पालिकालाई प्लाष्टिकमुक्त क्षेत्र बनाउने अभियानमा आफू जुटेको जनाउँदै प्लाष्टिकजन्य वस्तुको प्रयोग हुन नदिन स्थानीय राजनीतिक दल, व्यापारी, उद्योग वाणिज्य सङ्घका पदाधिकारी र सङ्घ संस्था, पत्रकार र समाजसेवीलाई आग्रह गरेका छन ।
नगरपालिकाको निर्णयविपरीत प्लाष्टिकका झोला बिक्रेतालाई प्रथम पटक एक हजार रुपैयाँ, दोस्रो पटक तीन हजार रुपैयाँ र तेस्रो पटक पाँच हजार रुपैयाँ जरिवाना हुने उनले बताए ।
त्यसैगरी, प्लाष्टिकका झोला प्रयोग गर्नेलाई पहिलोपटक १० रुपैयाँ ५० रुपैयाँ र तेस्रो पटक १०० रुपैयाँ जरिवाना लिइने छ । प्लाष्टिकको झोला उत्पादन गर्नेलाई पहिलो पटक दुई हजार रुपैयाँ , दोस्रो पटक चार हजार रुपैयाँ र तेस्रो पटक छ हजार रुपैयाँ जरिवाना हुनेछ । नगरपालिकालाई प्लाष्टिकमुक्त गर्ने निर्णय कठोर भएर कार्यान्वयन गर्ने प्रतिबद्धता नगरप्रमुख चौधरीले व्यक्त गरेका छन ।
पालिकाले स्थानीय राजपत्रमा २०८० साल चैत २५ गते यससम्बन्धी सूचना प्रकाशन गरेर प्लाष्टिकको प्रयोग नगर्न अनुरोध गर्दै आएको छ ।रासस

# 'सूचना माग र पुनरावेदन' गर्नें प्रणाली सञ्चालनमा

**काठमाडौँ ।**
राष्ट्रिय सूचना आयोगले नागरिकको सूचनाको हकसम्बन्धी व्यवस्थाको कार्यान्वयनमा सहजीकरण गर्न बिहिवार देखि 'आरटिआई म्यानेजमेन्ट सिस्टम' सञ्चालनमा ल्याएको छ । आयोगमा आयोजित कार्यक्रममा प्रमुख सूचना आयुक्त डा सुरेशप्रसाद आचार्यले सो प्रणालीको प्रारम्भिक चरणको शुभारम्भ गरे ।
पहिलो चरणमा सङ्घीय मन्त्रालय, संवैधानिक तथा केन्द्रीय आयोग, विभाग वा विभागस्तर कार्यालयसमेतका सूचनालाई सो अनलाइन प्रणालीबाटै माग गर्न सकिने व्यवस्था गरिएको छ । माग गरेको सूचना उपलब्ध नगराएमा पुनरावेदनसमेत गर्न सकिने व्यवस्था सो प्रणालीमा राखिएको छ ।
उक्त प्रणालीलाई तीनै तहका सरकार, सार्वजनिक निकाय र देशव्यापीरुपमा क्रमशः लागू गर्ने योजना रहेको प्रमुख आयुक्त आचार्यले जानकारी दिए । 'अब सूचना माग कर्ताले सम्बन्धित निकायमा इमेल गरिराख्नुपर्दैन', उनले भने, 'यही प्रणालीमार्फत सार्वजनिक निकायबाट सूचना माग गर्न सकिनेछ ।'
सो प्रणालीको कार्यान्वयनबाट सूचना माग र प्राप्तिमा सहजीकरण हुनेछ । सूचना माग गर्ने र नपाएमा पुनरावेदनका लागि अपिल गर्न सकिने छ । आयोगले सो प्रणालीबाट सूचना माग गर्ने, सूचना उपलब्ध नगराएमा पुनरावेदन गर्नेलगायत विषयमा सूचनाका हकका अभियान्ताहरुलाई जानकारीसमेत गराइसकेको छ । आर्थिक वर्ष २०८१÷०८२ मा कुल एक हजार ५३ वटा मुद्दा दर्ता भएकामा आयोगबाट जवाफ दिन नपर्नाको कारण भए जवाफ पेस गर्न ९५८ वटा आदेश भएको सूचना आयुक्त एवं प्रवक्ता गगन विष्टले जानकारी दिए । पुनरावदेकलाई सात दिनभित्र जवाफ दिन ४५३ वटा आदेश भएको र ७०९ वटा मुद्दा फछर्योट गरिएको आयोगले जनाएको छ । रासस

# मधेशमा १६ हजार ५९९ हेक्टर वन रेडजोनमा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा वन क्षेत्रको अस्तित्व नै संकटमा पर्दै गएको तथ्य सार्वजनिक भइरहेका छन् । डिभिजन वन कार्यालय धनुषाले पछिल्लो एक वर्षमा जिल्लाका विभिन्न भागमा अवैध रूपमा अतिक्रमण गरिएको ३० हेक्टर वन क्षेत्र फिर्ता लिए पनि समग्र प्रदेशभर अझै १६ हजार ५९९ हेक्टर वन क्षेत्र विभिन्न रूपमा अतिक्रमणमा परेको सरकारी तथ्यांकले देखाएको छ । धनुषामा अतिक्रमण हटाएर फिर्ता लिइएको जमिनमा अहिले वृक्षारोपण गरिनुका साथै तारजालीले घेराबेरा गरिएको छ । डिभिजन प्रमुख विनोद सिंहका अनुसार, 'अब बाँकी अतिक्रमित जमिन पनि क्रमशः फिर्ता गर्ने अभियान जारी राखिएको छ । स्थानीय प्रशासन, सुरक्षा निकाय र सरोकारवाला निकायसँग समन्वय गरी योजनाबद्ध रूपमा अघि बढिरहेका छौं ।' धनुषामा हाल पनि ८४२ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । घरटहरा, खेतीपाती र बारम्बार हुने सत्तारूढ हस्तक्षेपका कारण संरक्षण चुनौतीपूर्ण बन्दै आएको छ । वन निर्देशनालय, मधेश प्रदेशका अनुसार आर्थिक वर्ष २०८१/८२ मा प्रदेशभर ४४२ हेक्टर अतिक्रमित वन क्षेत्र फिर्ता लिइएको छ । सर्लाहीमा सबैभन्दा बढी १७५ हेक्टर जमिन फिर्ता गरिएको छ भने सप्तरीमा १११, बारामा ५४, पर्सामा ४५, रौतहटमा १२, सिरहामा १० र महोत्तरीमा ३ हेक्टर जमिन अतिक्रमणमुक्त गरिएको छ । तर, कुल २ लाख २ हजार २०२ हेक्टर वन क्षेत्र रहेको प्रदेशमा अझै १६ हजारभन्दा बढी हेक्टर भूमि अतिक्रमणमा रहेको छ । वन तथा वातावरणमन्त्री सञ्जयकुमार यादवले वन अतिक्रमणको समस्या समाधानमा प्रदेश सरकार दृढ रहेको बताउँदै भने, 'प्रशासनिक संयन्त्र मात्र नभई राजनीतिक दलहरूसँग पनि सहकार्य गरेर अतिक्रमण हटाउने कार्यमा हामी गम्भीरताका साथ लागिरहेका छौं ।'
मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले आठवटै जिल्लाका डिभिजन वन कार्यालयहरूलाई सक्रिय रूपमा परिचालन गरिएको जानकारी दिए । 'नीति, स्रोत र जनशक्ति परिचालन गरेर परिणाममुखी ढंगले काम भइरहेको छ,' उनले भने । वन निर्देशनालयका निर्देशक जगन्नाथ जैसवालले भने दीर्घकालीन समाधानका लागि स्थानीय तह, जनप्रतिनिधि र प्रशासनको संयुक्त प्रयास अपरिहार्य रहेको बताए । 'यो समस्या वन प्रशासनले मात्र समाधान गर्न सक्दैन,' उनले भने, 'स्थानीय नेतृत्वको संलग्नता बिना दिगो समाधान सम्भव छैन ।' विशेषज्ञहरूका अनुसार वन अतिक्रमणले केवल जमिनको स्वामित्वको प्रश्न मात्र नभई दीर्घकालीन जैविक विविधता, माटो संरक्षण, जल स्रोतको संरक्षण र प्राकृतिक प्रकोपको जोखिमसमेत बोकेको विषय हो । 'अतिक्रमणको असरले जैविक विविधताको ह्रास, माटोको क्षय, जलस्रोत सुक्ने र बाढी–सुख्खा जस्ता जोखिम बढाएको छ,' जैसवालले भने । हाल नेपालमा झन्डै ४५ प्रतिशत भू–भाग वनले ढाकेको भए पनि मधेश प्रदेशमा मात्र ३.७२ प्रतिशत भू–भाग वन क्षेत्रले ढाकेको छ । यहाँका १३६ स्थानीय तहमध्ये ८९ वटामा वन क्षेत्र नै छैन । यो प्रदेशको पर्यावरणीय असन्तुलनको प्रमुख कारक हो ।

# किसानको खेतमा वाईसिएलले रोपे धान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका किसानहरू पानी र खेत मजदुरको अभावमा रोपाइँ गर्न नसकिरहेका बेला नेकपा माओवादी केन्द्रको युवा संगठन यंग कम्युनिष्ट लिग (वाईसिएल) नेपालले खेतमै उत्रेर धान रोप्दै किसानको साथ दिएका छन् । धनुषा जिल्लाको मिथिला बिहारी नगरपालिकामा वाईसिएलको टोलीले स्थानीय किसानको खेतमा धान रोपेर सहयोगी भूमिका निर्वाह गरेको हो । खेतीपातीको समयमै श्रमिक नपाएर समस्यामा परेका किसानहरूका लागि यो अभियानले राहत पुर्याएको छ । कार्यक्रममा सहभागी नेकपा माओवादी केन्द्रका उपमहासचिव तथा मधेश प्रदेश इन्चार्ज मातृका यादवले उत्पादनशील श्रमसँग युवालाई जोड्न आवश्यक रहेको बताए । 'खेतीपाती गरेर नै हामी नेता भएका हौं । फेरि पनि त्यही माटोमा फर्केर श्रमसँग जोडिनुपर्छ,' यादवले भने । उनले वैदेशिक रोजगारीको पीडादायक अवस्थाबारे चिन्ता व्यक्त गर्दै भने, 'मधेश प्रदेशबाट मात्रै १५ लाख युवा विदेशिएका छन् । धनुषाबाट मात्र करिब साढे तीन लाख युवा रोजगारीका लागि बाहिर गएका छन् । यो दुःखद अवस्था हो ।' पूर्वमन्त्रीसमेत रहेका यादवले देशमै श्रम, उत्पादन र सम्मानजनक रोजगारीको अवसर सिर्जना गर्न राजनीतिक संगठनहरू सक्रिय हुनुपर्नेमा जोड दिए । स्थानीय किसानहरूले वाईसिएलको सहयोगप्रति आभार व्यक्त गर्दै यस्तो अभियानले समाजमा सहकार्यको भावना बलियो बनाउने विश्वास व्यक्त गरेका छन् ।

# उच्च अदालत जनकपुरमा ६६ प्रतिशत मुद्दा फछ्र्यौट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
न्याय क्षेत्रको सुधार योजनाले सकारात्मक प्रभाव छोड्दै गइरहेको बेला उच्च अदालत जनकपुरधामले मुद्दा फछ्र्यौटको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । अदालतका अनुसार हाल अदालतमा १८ महिनाभन्दा पुराना कुनै पनि मुद्दा बाँकी रहेका छैनन् । बिहीबार जनकपुरधाममा सञ्चारकर्मीहरूसँगको अन्तरक्रिया कार्यक्रममा अदालतका कामु मुख्यन्यायाधीश महेन्द्रनाथ उपाध्यायले १ वर्षभन्दा पुराना मुद्दा पनि निकै थोरै मात्र बाँकी रहेको जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०८१/८२ मा अदालतमा जम्मा ६ हजार ६ सय ७८ वटा मुद्दा दर्ता भएका थिए । तीमध्ये ४ हजार ४ सय ११ वटा मुद्दा फछ्र्यौट भइसकेका छन् । यो कूल दर्ता मुद्दाको ६६.०५ प्रतिशत हो । उपाध्यायका अनुसार गत




आर्थिक वर्षमा अदालतमा जिम्मेवारी सरेर आएका २ हजार १ सय ३७ र नयाँ परेका ४ हजार ५ सय ४२ मुद्दा दर्ता भएका थिए । अझै २ हजार २ सय ६७ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ । पुनरावेदन दुनियाँवादी देवानीतर्फ १ हजार ८ सय ६५ मुद्दामध्ये १ हजार १ सय ३७ मुद्दाको फछ्र्यौट भएको छ । यस्तै, पुनरावेदन दुनियाँवादी फौजदारी मुद्दा ४ सय ४५ मध्ये २ सय १५ टा फछ्र्यौट भइसकेका छन् भने बाँकी २ सय ३० मुद्दा प्रक्रिया अन्तर्गत छन् । सरकारवादी फौजदारीतर्फ १ हजार ६ सय ७ मुद्दामध्ये १ हजार ३ वटा टुंगो लागिसकेका छन् भने ६ सय ४ अझै बाँकी छन् । संविधानको धारा १४४ अन्तर्गतको बन्दी प्रत्यक्षीकरणका २५, परमादेशका ४०६, उत्प्रेषणका १९५, प्रतिषेधका ३३ र अधिकार पृच्छासम्बन्धी ७ वटा मुद्दा फछ्र्यौट गरिएको अदालतले जनाएको छ । मुख्यन्यायाधीश उपाध्यायका अनुसार अदालतमा न्यायाधीशको कमीले हाल चारवटा मात्र इजलास सञ्चालनमा रहेका छन् । यसका कारण पूर्ण लक्ष्य हासिल गर्न कठिनाइ भए पनि १८ महिनाभन्दा पुराना मुद्दा नरहनु ठूलो उपलब्धि हो । अहिले १ वर्षभन्दा बढी समयसम्म बाँकी रहेका मुद्दाको संख्या मात्र १ सय १२ रहेको छ । उच्च अदालत जनकपुरधाम मातहत धनुषा, महोत्तरी, सर्लाहीका साथै राजविराज र वीरगंजका अस्थायी इजलाससमेत छन् । अदालतले हालैको सुधार योजनालाई निरन्तरता दिँदै नागरिकलाई शीघ्र र न्यायोचित सेवा दिन प्रतिबद्धता जनाएको छ ।

# सुक्खा बन्दरगाह वीरगंज भन्सारमा गाभियो




**मधेशदृष्टि**
**वीरगंज ।**
सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालय बिहीबारदेखि वीरगंज भन्सार कार्यालयमा गाभिएको छ । साथै एकीकृत कार्यालयबात सेवा प्रवाह पनि प्रारम्भ भएको छ ।

यसअघि वीरगंज भन्सार कार्यालय मातहत एकीकृत जाँचचौकी थियो । त्यसैगरी सुक्खा बन्दरगाह भन्सार कार्यालय बेग्लै कार्यालयका रुपमा अस्तित्वमा थियो । एकीकृत जाँचचौकीमा मालवाहक सवारीसाधनबाट वैदेशिक व्यापारअन्तर्गतका वस्तु तथा सामान आयात–निर्यात गर्ने गरिन्छ ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट यसअघि रेल्वे ¥याकबाट सामान आयात र निर्यात हुने गरेको थियो । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले सङ्घीय सरकारको निर्णयअनुसार सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंज भन्सार कार्यालयमा गाभिएको बताए । यसैबीच, सुक्खा बन्दरगाह भन्सार कार्यालयल गत आर्थिक वर्षभरिमा ४९ अर्ब ८२ करोड राजस्व सङ्कलन गरेको छ । रासस

## खानेपानी संकट व्यवस्थापनमा सेना परिचालन

# ट्याङ्करमार्फत वितरण शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा उत्पन्न भएको खानेपानी संकटलाई सम्बोधन गर्न जिल्ला प्रशासन कार्यालयले ट्याङ्करमार्फत आपतकालीन पानी वितरणको व्यवस्था शुरु गरेको छ । मधेश प्रदेश सरकारबाट उपलब्ध ट्याङ्करहरूको सहायतामा नेपाली सेनाको श्रीजंग गण, पर्सा परिचालित भई वितरण कार्यमा संलग्न गरिएको हो । जिल्ला प्रशासन कार्यालय पर्साद्वारा बिहीबार जारी गरिएको सूचनामा उल्लेख भएअनुसार जिल्लाका विभिन्न स्थानहरूमा हाल खानेपानीको गम्भीर अभाव देखिएको छ । यस्तो अवस्थालाई मध्यनजर गर्दै जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार प्रभावित टोल र बस्तीहरूमा नियमित रूपमा विहान ५ बजेदेखि राति १० बजेसम्म खानेपानी वितरण गरिनेछ । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालद्वारा हस्ताक्षरित सूचनामा भनिएको छ, 'खानेपानीको समस्या भएका व्यक्ति वा टोलवासीहरूले १८१०५०००२१७ नम्बरमा फोन गरी जानकारी गराउन सक्नेछन् ।' उक्त हटलाइन निःशुल्क (टोल फ्री) हुनेछ । साथै, थप जानकारी र गुनासोका लागि प्रमुख जिल्ला




अधिकारीलाई ९८५५०७७७७७ नम्बरमा सम्पर्क गर्न सकिने व्यवस्था पनि गरिएको छ । खानेपानी वितरणमा नेपाली सेनाको सक्रियता पहिलोपटक होइन । विपद्का समयमा सैन्य संयन्त्रको प्रयोगले राहत र जनविश्वास दुवै वृद्धि हुने गरेको प्रशासनको अनुभव छ । श्रीजंग गण, पर्साका ट्याङ्करहरूले व्यवस्थापन समितिको निर्देशनअनुसार टोलटोलमा खानेपानी पुर्याउने छन् । जिल्ला प्रशासनका अनुसार यस्तो अभाव सामन्य नभई संरचनागत समस्या हो । भौगोलिक बनावट, पानीका स्रोतको सुक्खापन र स्थानीय संरचनाको जिर्णताले गर्दा वर्षेनी गर्मीयाममा यस्तो संकट उत्पन्न हुने गरेको छ । जिल्ला प्रशासन कार्यालयले टोलस्तरीय पहिचान, समन्वय र निगरानीको जिम्मा स्थानीयवासी र टोल विकास संस्थाहरूलाई समेत दिइएको छ । यसले गर्दा वितरणको पारदर्शिता कायम गर्न सकिने र वास्तविक पीडितलाई प्राथमिकतामा राख्न सकिने विश्वास गरिएको छ । यद्यपि अहिलेको समाधान अस्थायी हो । दीर्घकालीन रूपमा खानेपानीको सुनिश्चितताका लागि स्थायी जल स्रोतको संरक्षण, पानी संकलन प्रणालीको विकास र भूगर्भजलको विवेकशील उपयोग अपरिहार्य रहेको विज्ञहरूको भनाइ छ । विशेषतः वीरगंज महानगरपालिका क्षेत्रमा जनघनत्व उच्च रहेको र जलस्रोतको पुनः भरण नहुँदा हरेक वर्ष संकट थपिदै गएको पाइन्छ । प्रदेश सरकारका पूर्वाधार विकास कार्यक्रमअन्तर्गत खानेपानी र सरसफाइ सुधारका योजना भए तापनि स्थानीय तहमा कार्यान्वयनको कमजोरी, बजेटको ढिलाइ र प्राविधिक समन्वयको अभावका कारण संकट समाधान चुनौतीपूर्ण बनेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन